# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक १७४ | काठमाडौं | शुक्रबार, ४ कात्तिक २०७९ | Prabhab National Daily | Friday, October 21, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।**

- मासु, धेरै चिल्लो तथा गुलियो भएको खानेकुरा आवश्यकताभन्दा बढी उपभोग नगरौं।
- खानेकुराहरू सुरक्षित राखेर मात्र उपभोग गरौं।
- बासी, सडेगलेको र गन्हाएको खानेकुरा उपभोग नगरौं।
- मासु तथा धेरै चिल्लो भएको खानेकुरा खाँदा सन्तुलन मिलाएर उपभोग गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


नवौं राष्ट्रिय खेलकुद

## १७२ स्वर्णसहित सेना बन्यो च्याम्पियन




■ प्रभाव संवाददाता

**कास्की–** सर्वाधिक १७२ स्वर्ण पदक हात पार्दै विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लव नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको च्याम्पियन बनेको छ । गण्डकी प्रदेशमा आयोजना गरिएको उक्त प्रतियोगिता बिहीबार सकिएको हो ।

यही असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशका विभिन्न आठ जिल्लामा सञ्चालन भएका ३६ खेलहरूमा सेनाले स्वर्ण १७२, रजत ११० र ८९ कांस्य गरी कूल ३७१ पदक जितेर च्याम्पियन बनेको हो । बिहीबार भएको समापन समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवाले च्याम्पियन आर्मी क्लवलाई रनिङ ट्रफी हस्तान्तरण गरे । उनले आर्मी क्लवका पदाधिकारीहरूलाई उक्त ट्रफी हस्तान्तरण गरेका हुन् ।

पहिलोपटक राष्ट्रिय खेलकुदको विजेतालाई सुन र चाँदी समावेश गरेर बनाइएको ट्रफी प्रदान गरिएको हो । सेना यसअघिका सातौं र आठौं राष्ट्रिय खेलकुदको पनि च्याम्पियन टोली हो । यसैगरी सशस्त्र प्रहरीको एपिएफले ६५ स्वर्ण ७२ रजत र ८२ कांस्यसहित २१९ पदक जितेर दोस्रो स्थान हासिल गरेको छ ।

तेस्रो बनेको नेपाल प्रहरीले ६१ स्वर्ण, ६१ कांस्य र ७३ रजतसहित कूल १९५ पदक जितेको छ । घरेलु मैदानको सदुपयोग गर्दै आयोजक गण्डकी प्रदेश प्रतियोगिताको चौथो तथा प्रदेशहरूमध्येमा पहिलो हुन सफल भयो । गण्डकीले ३२ स्वर्ण, ३१ रजत ५७ कांस्यसहित १२० पदक जित्दै समग्रमा चौथो भएको छ ।

बागमती प्रदेश २४ स्वर्ण, ४७ रजत र ७४ कांस्यपदकसहित १४५ पदक जित्दै पाँचौं स्थानमा रहन सफल भयो । प्रदेश १ ले १० स्वर्ण, २३ रजत र ५० कांस्य पदक हात पारेको छ । सुदूरपश्चिम प्रदेशले १० स्वर्ण, १० रजत र ४३ कांस्य पदकसहित ६३ पदक जितेको छ ।

एनआरएनएले १० स्वर्ण, नौ रजत र सात कांस्य गरी कूल २६ पदक जित्दा लुम्बिनी प्रदेशले छ स्वर्ण, २२ रजत र ४० कांस्य गरी ६८ पदक जितेको छ । मधेस प्रदेशले पाँच स्वर्ण, आठ रजत र २६ कांस्य गरी ३९ पदक जित्दा कर्णाली (**बाँकी पृष्ठ ३ मा**)

कोभिड महामारीमा स्थानीय सरकारको सक्रियता

# जसले सयौं सुत्केरीको ज्यान जोगियो

■ समृद्धा केसी

**काठमाडौं–** सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका-१ की ३८ वर्षीया फूलमाया लामा १२ साउन २०७८ मा इचोक स्वास्थ्यचौकीमा सामान्य सुत्केरी भइन् । तर, शिशु जन्मिएको आधा घण्टाभित्र खस्नुपर्ने साल एक घण्टासम्म पनि नखसेपछि स्वास्थ्य जटिलता थपिदै गयो ।

स्वास्थ्यचौकीकी अनमी सरिता खनालले साल निकाल्नका लागि प्रयास गरिन् । करिब डेढ घण्टापछि साल त खस्यो तर त्यसलगत्तै अत्यधिक रक्तश्राव सुरु भयो । अनमी खनालले रक्तश्राव रोक्न गरेको प्रयास पनि सफल भएन । उनले त्यो दिनको घटना सम्झिँदै सुनाइन्, 'रगत धेरै बगेकाले रगत नै चढाउनुपर्ने अवस्था देखियो । तर, स्वास्थ्यचौकीमा रगत चढाउने व्यवस्था छैन ।'

> कहालीलाग्दो कोभिडकालमा सिंगो जनजीवन कष्टकर बनिरहँदा विकट क्षेत्रका स्थानीय तहले प्रभावकारी भूमिका खेले । जसले सुत्केरी तथा गर्भवती महिलाको स्वास्थ्य जटिलता मात्रै घटाएन, कोभिडको त्रासदीसमेत कम गर्‍यो ।

फूलमायाको स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि र स्वास्थ्यचौकीमा उनको ज्यान बचाउन सकिने सम्भावना कम देखेपछि अनमी खनालले परिवारलाई काठमाडौं लैजान सुझाव दिइन् । तर, कोरोनाको दोस्रो लहर चलिरहेका बेला भन्नेबित्तिकै काठमाडौं लैजान सजिलो थिएन । त्यसमाथि १ असार २०७८ मा हेलम्बुमा आएको बाढीले स्वास्थ्यचौकीबाट काठमाडौं जाने सडक र पुल क्षतविक्षत थियो, एम्बुलेन्स गुड्नेसम्मको सडक थिएन ।

अवस्था नाजुक हुँदै गएपछि अनमी खनालले हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पालाई खबर गरिन् । अध्यक्ष शेर्पाले बिरामीको



हेलम्बु गाउँपालिकाको पहलमा हेलिकप्टरमार्फत जटिल स्वास्थ्यावस्थाकी एक सुत्केरीको उद्धार गरिँदै । *तस्बिर सौजन्य: हेलम्बु गाउँपालिका*

अवस्था बुझेर तुरुन्तै हेलिकप्टर झिकाए । खनालले सुनाइन्, 'त्यतिबेला हेलिकप्टर उपलब्ध नभएको भए सायदै बिरामी बाँच्थिन् । किनकि, धेरै रगत बगेकाले बिरामीको शरीर निकै सेतो भइसकेको थियो ।'

गाउँपालिकाको पहलमा फूलमायाको उद्धार गरी काठमाडौंको महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल पुर्‍याएपछि जोखिम टर्‍यो । स्थानीय सरकारको सहयोगले फूलमायाले नयाँ जीवन पाइन् ।

कोभिड संक्रमणका बेला सीमित स्रोत र साधनको भरमा पनि स्थानीय तहले खेलेको प्रभावकारी भूमिकाकै कारणले गर्भवती तथा सुत्केरी महिलाको ज्यान जोगिएको देखिन्छ । हेलम्बु गाउँपालिकाले संक्रमणका बेला स्थानीय स्वास्थ्य संस्था र बर्थिङ सेन्टर दुवै बन्द हुन नदिने काममात्रै गरेन, संक्रमण फैलिँदा बिरामीको स्वास्थ्यमा जटिलता थपिएला भनेर थप कडाइ पनि गर्‍यो । गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ज्ञानेन्द्र सिग्देल गाउँपालिकाले खेलेको भूमिकाकै कारण कोभिड संक्रमण फैलिएपछि बर्थिङ सेन्टरमा सुत्केरी हुन आउने संख्या बढेको अनुभव सुनाउँछन् ।

कोभिड महामारीका बेला गर्भवतीहरू बर्थिङ सेन्टर आउँदैनन् कि भन्ने पिर पनि थियो । तर, बर्थिङ सेन्टरमा कोभिड नफैलियोस भनेर गाउँपालिकाको सहकार्यमा स्वास्थ्यकर्मी र गर्भवती महिलाबाहेक अरू कोही पनि आउन नदिने नियम सुरु भयो । स्वास्थ्य शाखाका प्रमुख सिग्देलले स्थानीय तह सक्रिय भएकाले कोभिड संक्रमणको जोखिमबाट गर्भवती, सुत्केरी र कुरुवाहरूलाई जोगाउन सकिएको अनुभव सुनाए । कोभिड महामारीका गाउँपालिकाले बर्थिङ सेन्टरसँगै रहेको चार कोठे भवनमा सुत्केरीहरूलाई महिनौंसम्म बस्न र उपचार सकिएपछि मात्रै घर जान मिल्ने व्यवस्था मिलाएको थियो ।

स्थानीय तहको सक्रियताले स्वास्थ्य महामारीमा कसरी विपन्न सीमान्त जनताले सेवा सुविधा पाउन सक्छन् भन्ने बलियो उदाहरण हो, नुवाकोटस्थित दुप्चेश्वर गाउँपालिका । २०७७ साल भदौ महिनामा कोरोनाको दोस्रो लहर ओरालो लाग्दै थियो । तर पनि संक्रमणको जोखिम र यसले निम्त्याएको जटिलताहरू भने घटिसकेका थिएनन् । यही महिनामा दुप्चेश्वर १ की ४१ वर्षीया लीला खड्काले स्थानीय स्वास्थ्यचौकीमा छैटौं सन्तानलाई जन्म दिइन् ।

तर, उनमा पनि फूलमायाको जस्तै समस्या देखियो । सुत्केरी भएको एकदिनसम्म पनि साल झरेन । घरपरिवारले साल झार्न अनेक जुक्ति लगाए तर झनै रक्तश्राव बढेपछि जोखिम देखियो । बेहोसी अवस्थामा पुग्न लागेकी लीलाको स्वास्थ्य अवस्थाबारे गाउँपालिकाकी (**बाँकी पृष्ठ ५ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# पोखरा र बुटवलबाट पनि वैदेशिक रोजगारीका लागि पूर्वस्वीकृति

■ प्रभाव संवाददाता

**काठमाडौं-** वैदेशिक रोजगार विभागले श्रम तथा रोजगार कार्यालय पोखरा र बुटवलबाट पनि वैदेशिक रोजगारीका लागि पूर्वश्रम स्वीकृति दिने व्यवस्था गरेको छ । विभागले बिहीबार विज्ञप्ति जारी गरी वैदेशिक रोजगारीमा जाने कामदार र सोसँग सम्बन्धित सरोकारवालाहरूको सहजताका लागि ती दुई स्थानमा रहेका श्रम कार्यालयलाई पूर्वश्रम स्वीकृतिको अधिकार प्रत्यायोजन गरेको जानकारी दिएको हो । यी कार्यालयबाट वैदेशिक रोजगारीमा पठाउन पूर्वस्वीकृतिका लागि प्राप्त निवेदन लिने र पूर्वस्वीकृति दिने कार्य हुने विभागले जनाएको छ ।

'वैदेशिक रोजगारीमा जाने कामदार र सोसँग सम्बन्धित सरोकारवालाहरूको सहजताका लागि प्रत्यायोजित अधिकारमध्येबाट थप अधिकार उल्लिखित श्रम तथा रोजगार कार्यालयलाई प्रदान गर्दा सेवा प्रवाह सरल हुने भएकोले हाललाई श्रम तथा रोजगार कार्यालय, पोखरा र बुटवलबाट नेपाल राजपत्र (खण्ड ६८, पुस ९ गते, २०७५ साल अतिरिक्तांक ३२) को अधिकार प्रत्यायोजनसम्बन्धी सूचनाबमोजिम राजपत्रको दफा ४ लगायतका सम्पूर्ण कार्य गर्नेगरी अधिकार प्रत्यायोजन गरिएकोले अब




उप्रान्त उल्लिखित कार्यहरू तत् तत् कार्यालयहरूबाटसमेत सम्पादन हुनेछ,' विभागद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

विभागका अनुसार पोखरा र बुटवलमा रहेका श्रम तथा रोजगार कार्यालयबाट वैदेशिक रोजगार ऐन-२०६४ को दफा १५ बमोजिम वैदेशिक रोजगारमा कामदार पठाउन निश्चित संख्यामा माग निर्धारण गरी पूर्वस्वीकृतिका लागि प्राप्त निवेदन लिने र पूर्वस्वीकृति दिने काम हुनेछ । यस्तै वैदेशिक रोजगार ऐन, २०६४ को दफा १६ बमोजिम विज्ञापन गरे/नगरेको सम्बन्धमा नियमित अनुगमन गरी सत्य तथ्य बुझ्ने अधिकार पनि ती कार्यालयलाई दिइएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १९ बमोजिम तोकिएको संख्यामा नबढ्ने गरी श्रम स्वीकृतिको निस्सा (स्टिकर) का लागि निवेदन लिने र श्रम स्वीकृतिको निस्सा (स्टिकर) दिने काम ती कार्यालयबाट हुने छन् । वैदेशिक रोजगार ऐन, २०६४ को दफा २१ बमोजिम वैदेशिक रोजगारीका लागि व्यक्तिगतरूपमा विदेश जान चाहनेहरूबाट निवेदन लिने र विभागको प्राप्त निर्णय वा अधिकार प्रत्यायोजन भएअनुसार स्वीकृति दिने अधिकारसमेत ती कार्यालयलाई दिइएको छ ।

'वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३४ बमोजिम इजाजतपत्रवालाका शाखा कार्यालयहरूको अनुगमन तथा निरीक्षण गर्ने, वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४७ र ४८ मा उल्लिखित व्यवस्थाको पालना गरे-नगरेको अनुगमन गर्ने,' विभागको विज्ञप्तिमा उल्लेख छ ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागअन्तर्गतका धनगढी, सुर्खेत, पोखरा, जनकपुर र विराटनगरमा रहेका श्रम तथा रोजगार कार्यालयलाई वैदेशिक रोजगार सम्बन्धी कार्य गर्नेगरी अधिकार प्रत्यायोजन भएको र सो अनुसार उक्त कार्यालयलाई प्रारम्भिक चरणमा पुनः श्रम स्वीकृति प्रदान गर्ने गरी यसअघि नै अधिकार प्रत्यायोजन भई सोहीबमोजिम कार्य भइरहेको विभागले जनाएको छ ।

पूर्वश्रम स्वीकृतिलगायत वैदेशिक रोजगारसम्बन्धी काम राजधानी केन्द्रित हुँदा श्रमिक र सरोकारवालाले सास्ती व्यहोर्दै आएका छन् । राजधानीबाहिर सेवा विस्तार नगरेकै कारण भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमान सञ्चालनमासमेत समस्या हुँदै आएको छ । उक्त विमानस्थलबाट दैनिक उडान भरिरहेको एकमात्र विमान जजिरा एयरवेजले यात्रु नपाएको भन्दै हालै आफ्नो दैनिक उडान कटौती गरेको छ । वैदेशिक रोजगारीमा जाने कामदारलाई लक्षित गरी उडान सुरु गरेको जजिराले यात्रु नपाएपछि उडान कटौती गर्नुपरेको जनाएको छ ।

यद्यपि, सातामा तीन वटा उडानलाई जजिराले निरन्तरता दिनेछ । जजिराले सुरुदेखि नै श्रम स्वीकृतिलगायत कार्य भैरहवाबाटै हुने व्यवस्था गर्न सरकारसँग आग्रह गरेको थियो । तिवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले भैरहवामा श्रम कार्यालय उद्घाटन गरे पनि त्यहाँबाट श्रम स्वीकृतिको काम हुन सकेको छैन ।


**जनहितमा जारी सन्देश**

सुरक्षित रहौं
**रोकथाम गरौं**
नियन्त्रण गरौं

डेंगी

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरु: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

**डेंगीबाट बच्ने उपायहरू**

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# ‘सञ्चारमाध्यम स्वनियमन र स्वनियन्त्रित हुनुपर्छ’



**काठमाडौं (प्रसं)–** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सञ्चारमाध्यम स्वनियमन र स्वनियन्त्रित हुनुपर्ने बताएका छन् । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाका सन्दर्भमा सामाजिक सञ्जाल फेसबुकको मातृसंस्था मेटाले बिहीबार सञ्चारकर्मीलाई आयोजना गरेको ‘भर्चुअल’ तालिममा सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् । मेटाले आयोगको आग्रहमा उक्त तालिम आयोजना गरेको हो ।

प्रमुख आयुक्त थपलियाले आयोगले निर्वाचन आचारसंहितामा पहिलोपटक मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिलाई व्याख्या गरी त्यसको नियमनको प्रबन्ध गरेको बताए । आयोगले सञ्चारमाध्यम र सामाजिक सञ्जाललाई नियन्त्रण नभई नियमन गराउन खोजेकाले यसमा सबैको साथ आवश्यक रहेको उनको भनाइ थियो ।

प्रमुख आयुक्त थपलियाले निर्वाचनको निष्ठा र स्वच्छता कायम गर्न तथा निर्वाचनसम्बन्धी सूचनालाई व्यवस्थितरूपमा सहजीकरणका लागि आयोगमा प्रेस कार्यालयको स्थापना गरी काम भइरहेको बताए । उनले निर्वाचन र लोकतन्त्रलाई दूषित पार्ने खालका सामग्री सम्प्रेषण नगर्न सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गरे ।

## सुदूरपश्चिम प्रदेशमा मतपत्र ढुवानी सुरु

**काठमाडौं (प्रसं)–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिम प्रदेशका जिल्लामा समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र ढुवानी सुरु भएको छ । निर्वाचन आयोगका अनुसार बिहीबार कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा, बझाङ, बैतडी, दार्चुलालगायतका जिल्लामा मतपत्र ढुवानी भएको छ ।

बागमती, मधेस र प्रदेश १ का जिल्लामा यसअघि नै मतपत्र ढुवानी भइसकेको छ । पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) तर्फ हालसम्म २० जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको छ । बुधबार प्रतिनिधिसभातर्फ अछाम, डोटी, कैलाली र कञ्चनपुर तथा प्रदेशसभातर्फ डोटी, डडेलधुरा र कैलाली जिल्लाको मतपत्र छपाइ तथा प्याकिङ सम्पन्न भएसँगै प्रत्यक्षतर्फको करिब ३० प्रतिशत मतपत्र छपाइ सम्पन्न भएको छ ।

हालसम्म एक करोड २८ लाख ४९ हजार ५०० मतपत्र छपाइ भइसकेको आयोगले जनाएको छ । प्रदेशसभातर्फको ६४ लाख ३२ हजार ५०० र प्रतिनिधिसभातर्फ ६४ लाख १७ हजार रहेको छ ।

हाल कायम रहेको एक करोड ७९ लाख ८८ हजार ५७० मतदाताको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि करिब चार करोड र समानुपातिक निर्वाचन प्रणालीका लागि करिब चार करोड मतपत्र आवश्यक पर्नेछ ।

# आगामी मंगलबार खण्डग्रास सूर्यग्रहण

**काठमाडौं–** आगामी मंगलबार अर्थात् कात्तिक ८ गते कात्तिक कृष्ण औंसीका दिन खण्डग्रास (थोरै सूर्य ढाक्ने) सूर्यग्रहण लाग्ने नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ ।

ग्रहणले अपराह्न ४:५२ बजे स्पर्श गर्नेछ । ग्रहण लागेको ३२ मिनेटपछि बेलुकी ५:२४ बजे सूर्यास्त हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए ।

ग्रहण करिब ३२ मिनेटमात्र नेपालबाट देखिने उनले सुनाए । नेपालबाट नदेखिने भए पनि ग्रहणले बेलुकी साढे सात बजे छाड्नेछ ।

शास्त्रीय मान्यताअनुसार कात्तिक ८ गते बिहान ४:५२ बजेदेखि बाल, वृद्ध र बिरामीबाहेक अरुलाई भोजन निषेध गरिएको छ । ग्रहण बार्नेले कात्तिक ९ गते बिहान सूर्योदय नभएसम्म अन्न खान निषेध गरिएको छ । ग्रहणका समयमा स्नान, दान, श्राद्ध, जप, ध्यान, साधनालगायत कर्म गर्न शुभ मानिन्छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम हुने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् प्रा.डा. रामचन्द्र गौतम बताउँछन् ।

ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्रि, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । ग्रहणका बेला गर्न हुने र नहुने कामलाई यी ग्रन्थमा यसरी उल्लेख गरिएको छ ।

*निद्रायां जायते व्याधि मुत्रे*
*दारिद्रमाप्नुयात् ।*
*पुरिषे कृमियोनिश्च मैथुने*
*ग्रामसुकरः ॥*
*अभ्यञ्जने भवेत्कुष्ठि भोजने*
*स्यादधोगति ।*
*बन्धने च भवेत् सर्पे वधे च*
*नरकं व्रजेत् ॥*

अर्थात् ग्रहणका समयमा सुते रोग लाग्ने, पिसाब गरे दरिद्र, दिसा गरे कीरा भएर जन्मने, मैथुन गरे गाउँको सुंगुर भएर जन्मने, सिंगारपटार गरे कुष्ठरोगी, भोजन गरे अधोगति, बन्धनमा राखे सर्प भएर जन्मने, काटमार गरे नरकमा बास हुने उल्लिखित धार्मिकग्रन्थमा वर्णन गरिएको छ ।

सूर्यग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् गौतमले सुनाए । सुतक लागेपछि भोजन गर्न नहुने धार्मिक विश्वास छ । यसै विश्वासअनुसार कात्तिक ८ गते बिहान ४:५२ बजेदेखि भोजन गर्नु हुँदैन ।

ग्रहणका समयमा नित्यकर्म गर्नु हुन्छ । घरमा तिथि, श्राद्ध परेमा ग्रहणमा गर्न हुने समितिले जनाएको छ । ग्रहण निषेध गरिएकाबाहेक कर्म गर्न हुने जनाइएको छ । *रासस*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेजीको सूचना**

यस कार्यालयमा मिति २०७९/०६/०३ मा दर्ता भएको **प्रा.लि.नं.१९५४९८** को **इक्लास सोलुसन्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि **३५ दिन** भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता खियमानुसार खारेज गरिनेछ ।



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **WESTON CLEANING**

पूर्व स्वीकृति मिति २०७९/०७/०३ LT. No: 273992 चलानी नं.: ६०१८९७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 20 | 0 | 100 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN HILL OVERSEAS PVT. LTD.**
Greenhill Overseas
श्रम ईजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818863167, 9749419416
Email:greenhilloverseas5@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HIDUP MANIS SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०७/०३ LT. No. 274016 चलानी नं. ६०१८९७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 8 | 0 | 1500 | ४२,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक १८ गते (4th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड

Prabhu Urja Krishi Paryatan Bikas Ltd.

**का.म.न.पा. ३१ काठमाडौंको**
**शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०७९/०७/०४)

यस लिमिटेड द्वारा मिति २०७९/०६/१४ गतेका दिन कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित यस कम्पनिको केन्द्रियकार्यालय निर्माण तथा आन्तरिक बनावट /सजावट सम्बन्धी सूचनाको आधारमा कम्पनीलाई **(E–Bid)** मार्फत प्राप्त शिलबन्दी बोलपत्रहरू मध्ये सारभूतरूपमा प्रभावकारी तपसिलमा उल्लेखित मूल्यांकित बोलपत्र दाताको बोलपत्र छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ उक्त बोलपत्र संग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्रम संख्या | तपसिल | कार्यको प्रकृति | (कूल कबोल रकम मू.अ.कर समेत) |
|---|---|---|---|
| १. | उज्यालो कन्स्ट्रक्सन प्रा.लि. काठमाडौं ३२ | कम्पनीको कार्यालय निर्माण/ आन्तरिक बनावट | १,६९,५0000/- |



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FUTURE KID ENTERTAINMENT REAL EST. COM.**

पूर्व स्वीकृति मिति २०७८/११/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/०३ LT. No. 258334 चलानी नं. ६०१७४७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 4 | 90 | ३८,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helpers | 40 | 0 | 90 | ३८,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**
श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FALCON EYE SECURITY SDN.BHD.**

पूर्व स्वीकृति मिति : २०७९/०७/०३ LT. No. 272292 चलानी नं. ६०१८९८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 37 | 0 | 1500 | ४२,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**K.B. International Employment Pvt. Ltd.**
श्रम ईजाजत नं. ८१४/०६५/०६६
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BUDIPADU MANTAP SDN. BHD**

पूर्व स्वीकृति मिति २०७९/०२/१८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/०३ LT. No. 264037 चलानी नं. ६०१८०३४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 50 | 0 | 1500 | ४२,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
ROI Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUPER WASH COMPANY FOR CLEANING AND IRONING CLOTHES MANUALLY AND STEM KUWAIT.**

पूर्व स्वीकृति मिति : २०७९/०७/०३ LT No.274157 चलानी नं. ६०१८९८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning And Ironing Clothes Manually And Steamed | 6 | 0 | 100 | ४२,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ देखि १४ गते (28 to 31st Oct. 2022) सम्म हुनेछ ।

**यसै कम्पनीको लागि (M/F) Accountant-1 र PRO-1 को पनि माग भई आएकोले ईच्छुक व्यक्तिहरूले सम्पर्क राख्नुहोला ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984562103, Email Id: dubaioverseas2016@gmail.com



## श्री निशाना बचत तथा ऋण सहकारी संस्था लि.
## का.म.न.पा, ०९ काठमाण्डौ

**बाह्रौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

मिति २०७९/०६/२४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस निशाना बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०७९/०७/२८ गते वार्षिक सधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण सदस्यहरुलाई पत्राचार गरिएको छ । कुनै कारणवश पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभामा निम्न विषयमा छलफल हुनेछः**

१. सञ्चालक समितिको तर्फबाट संस्थाको वार्षिक कार्य प्रगति प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आर्थिक प्रतिवेदन एवम् आ.व ०७८/०७९ को अनुमानित वार्षिक बजेट माथि छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
३. आ.व. २०७८/०७९ को लेखापरीक्षण तथा लेखा सुपरीवेक्षणको प्रतिवेदन माथि छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिको गठनको सम्बन्धमा ।
५. लेखा (सुपरीवेक्षण) समितिको गठन सम्बन्धमा ।
६. ऋण उप–समितिको गठन सम्बन्धमा ।
७. शिक्षा उप–समितिको गठन सम्बन्धमा ।
८. आ.व २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
९. संस्थाको बचत तथा कर्जाको ब्याज अनुमोदन सम्बन्धमा ।
१०. आ.व २०७८/०७९ मा सञ्चालक समितिले गरेको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
११. साधारण सभाको माईन्यूट प्रमाणित गर्ने सम्बन्धमा ।
१२. विविध ।

**साधारण सभा हुनेः**
मितिः २०७९ कातिक २८ गते
स्थानः ओमशान्ति पार्टी प्यालेस, शान्तिनगर ३१, काठमाण्डौ
समयः दिउँसो ११:०० बजे

सञ्चालक समितिको आज्ञाले
सचिव

# डेंगु संक्रमणको जोखिम कायमै

**कैलाली–** कैलालीमा लामखुट्टेको टोकाइबाट सर्ने डेंगु रोगको जोखिम कायमै छ। स्वास्थ्य कार्यालय कैलालीका अनुसार असोज मसान्तसम्म जिल्लाका १३ स्थानीय पालिकामा अहिलेसम्म चार सय २३ डेंगुका बिरामी छन्।

जसमध्ये धनगढी उपमहानगरपालिकामा एक सय ४१ डेंगुका बिरामी छन्। सबै भन्दा कम मोहन्याल गाउँपालिकामा तीन जना छन्। घोडाघोडी नगरपालिका र जानकी गाउँपालिकामा चार/चार जना छन्। लम्किचुहा नगरपालिकामा एक सय १३, बर्दगोरिया गाउँपालिकामा ७२, टीकापुर नगरपालिकामा ४० र गोदावरी नगरपालिकामा २८ जना रहेको स्वास्थ्य कार्यालयका फोकल पर्सन मीनबहादुर धामीले जानकारी दिए। गौरीगंगा नगरपालिकामा सात, भजनी नगरपालिकामा पाँच, जोशीपुर गाउँपालिकामा छ डेंगुका बिरामी छन्। कैलारी गाउँपालिका र चुरे गाउँपालिकामा अहिलेसम्म डेंगुका बिरामी शून्य रहेको जनाइएको छ।

जिल्लामा डेंगुबाट उपचारका क्रममा दुई जनाको मुत्यु भइसकेको छ। धनगढी उपमहानगरपालिका -१२ की ३५ वर्षीया महिला गत भदौ १४ गते धनगढीस्थित निसर्ग अस्पतालमा र टीकापुर नगरपालिका- ६ की १२ वर्षीया बालिकाको नेपालगञ्जमा मृत्यु भएको स्वास्थ्य कार्यालय कैलालीको तथ्यांकमा उल्लेखित छ।

असोज महिनाको मसान्तमा अविरल पानी परेपछि पानी जम्ने सक्ने भाँडाकुँडा, प्लास्टिकका बोतल, गमला, गाडीका टायरलगायत अन्य पानी जम्मा हुने स्थानमा पानी जम्ने भएकोले यसको जोखिम कायमै रहेको बताइएको छ।

कैलालीमा डेंगुको प्रकोप कायमै रहेकाले यसको जोखिम नियन्त्रण गर्न सबैको साझा दायित्व रहेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी तेजविक्रम शाहीले बताए। सबैले आ-आफ्नो घर, टोल, समाज, कार्यालय लगायतका स्थानमा त्यहाँ वरिपरीको सरसफाइ गर्नु तथा पानी जम्न नदिनु नै डेंगु नियन्त्रणको उपाय रहेको उनले बताए। डेंगु रोगका बिरामीमा उच्च ज्वरो आउनु, टाउँको दुख्ने, पेट दुख्ने, वाकवाकी लाग्ने, आँखाको गेडी दुख्ने, जीउ तथा जोर्नी दुख्ने लगायतका लक्षण देखिने गरेको छ।

यस्ता लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा उपचार गराउन चिकित्सकको सुझाव छ। डेंगु लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य सरुवा रोग हो। यो एडिस एजप्टाई/एलबोपिक्टस जातको संक्रमित लामखुट्टको टोकाइबाट मात्रै यो रोग सर्दछ। यो लामखुट्टेलाई टाइगर मसकुइटो पनि भनिन्छ।

डेंगु नियन्त्रणका लागि लार्भा खोज र नष्ट अभियान सञ्चालन गर्न आग्रह

धनगढी उपमहानगरापालिकाले लामखुट्टेको टोकाइबाट सर्ने डेंगुको संक्रमण पुनः फैलिन सक्ने भन्दै लार्भा खोज र नष्ट अभियान सञ्चालन गर्न आग्रह गरेको छ। उपमहानगरपालिकाले एक सूचना जारी गर्दै असोज मसान्ततिर लगातार परेको पानीका कारणले गर्दा केही न्यून भएको डेंग ुरोगको संक्रमण पुनः फैलिनसक्ने खतरा बढेकोले लार्भा खोज र नष्ट अभियान सञ्चालन गर्न आग्रह गरेको हो। घर, अफिस तथा समुदायका अन्य स्थानमा लामखुट्टे लार्भा उत्पादन गर्न सक्ने सम्भावित स्थान परिचान गरी डेंगु रोग गराउने लामखुट्टेका लार्भा खाज्ने र नष्ट गर्ने अभियान सञ्चालन गर्न धनगढी उपमहानगरपालिकाभित्रका १९ वटै वडा कार्यालय तथा स्वास्थ्य संस्थालाई आग्रह गरिएको छ।

अभियानमा महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्यकर्मी, स्थानीय बुद्धिजीवी, आमा समूह, वडा क्लब परिचालन गरी सञ्चालन गर्न पनि भनिएको छ। एक उपमहानगरपालिकाले यसअघि पनि धनगढीका स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयंसेविकासहित वडाका टोलटोलमा डेंगुको लार्भा खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गरेको थियो। *रासस*

# विकल्प दिन फुटपाथ व्यवसायीको माग

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले सडकबाट हटाएका व्यवसायीहरूले आफूहरू देशको नागरिक हो कि होइनौं भन्ने प्रश्न गर्दै विकल्प नदिए अवज्ञा गर्ने चेतावनी दिएका छन्। उनीहरूले महानगर राज्य आतंक सिर्जना गरेर आफ्नो रोजीरोटी खोसेको बताउँदै विकल्प नदिए पुनः सडकमा फर्किने चेतवानी दिएका छन्।

महानगर प्रमुख बालेन्द्र शाहको निर्देशनमा केही दिनअघि थापाथलिबाट ठेला खोसिएकी शर्मिला तामाङले आफूहरूलाई सरकारले विनाविकल्प नै एक मात्र बाँच्ने आधार नै खोसेर महागरले अमानवीय व्यवहार गरेको बताइन्। राजधानीमा कार्यक्रम आयोजना गर्दै शर्मिलाले प्रश्न गरिन्, 'के हामी यो देशका नगरिक होइनौं र ? सरकारले आफै रोजगारीको व्यवस्था गर्नु पर्ने ठाउँमा उल्टै उठिबास लगाउने ?'

आफूले रोई कराई गर्दा पनि महानगरले मेयर शाहको आदेश भन्दै आफ्नो ठेला लिएर गएको बताइन्। थापाथलीस्थित प्रशुति गृहको नजिकै शर्मिलाले ठेलामा समान बेचेर गुजरा चलाउँदै आएकी थिइन्।

त्यसैगरी हेटौंडा स्थायी घर भएकी बनेपामा गाडामा जुत्ताचप्पल बेच्ने विमला चौलागाईले सरकारले गरिबको बिहान बेलुका छाक टार्ने आधार पनि चुडेर लगेको बताइन्।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/१०/१५ मा दर्ता भएको **प्रा.लि. नं. २०१५५ को गोल्डेन गेट एकेडेमी हेमजा प्रा.लि.** को मिति २०७९/०७/०१ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०६/०९ मा दर्ता भएको **प्रा.लि. नं. ८६८६२** को **पा सव मनि ट्रान्सफर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०७/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## १७२ स्वर्णसहित...

— पृष्ठ १ बाट जारी —

प्रदेशले दुई स्वर्ण, चार रजत र १२ कांस्यसहित १८ पदक जितेको छ।

**खेलकुद क्षेत्रलाई व्यवस्थित बनाउने प्रधानमन्त्रीको प्रतिबद्ध**

यसैबीच प्रधानमन्त्री शेरबहादुर देउवाले खेलकुद क्षेत्रलाई व्यवस्थित बनाउन सरकार प्रतिबद्ध भएको बताएका छन्। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको बिहीबार पोखरामा आयोजित समापन समारोहलाई सम्बोधन गर्दै उनले नेपाल सरकारले विभिन्न सीमा र अप्ठचाराका बाबजुद खेलकुदलाई प्राथमिकता दिइरहेको बताए।

चार दशक पुरानो इतिहास भएको राष्ट्रिय खेलकुद नियमित हुन नसकेको उल्लेख गर्दै प्रधानमन्त्रीले आगामी दिनमा राष्ट्रिय खेलकुदलगायत प्रतियोगिता नियमित तवरमा आयोजना हुने विश्वास व्यक्त गरे। राष्ट्रिय खेलकुदका खेलाडी, प्रशिक्षक, रेफ्री तथा अन्य प्राविधिक सबैको आफ्नो क्षमता र खेलकौशल प्रदर्शन गर्ने महत्त्वपूर्ण अवसर भएको उल्लेख गर्दै उनले भने, 'यसले हाम्रा खेलाडीको खेल कौशललाई थप निखार्दै अन्तर्राष्ट्रियस्तरमा हुने विभिन्न प्रतियोगितामा मुलुकको तर्फबाट राम्रो प्रदर्शन गर्न सघाउ पुग्छ। अतः यो निश्चित समयको अन्तरालमा नियमित तवरमा भइरहनु आवश्यक हुन्छ।'

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता खेल र सहभागी खेलाडी संख्याका आधारमा नेपाली खेलकुद इतिहासमा हालसम्मकै ठूलो प्रतियोगिता भएको उनले उल्लेख गरे। सरकारले खेल क्षेत्रलाई अर्थतन्त्र, कूटनीति र पर्यटनसँग पनि आबद्ध गर्दै यस क्षेत्रको दिगो र चौतर्फी विकास गर्ने नीति लिएको भन्दै प्रधानमन्त्री देउवाले वर्तमान विश्वमा खेलकुद क्षेत्रको नतिजा बहुआयामिक हुने कुरालाई मध्यनजर गर्दै खेलकुद क्षेत्रको समग्र विकास तथा खेलाडीको क्षमता अभिवृद्धिका लागि सरकारले जोड दिँदै आएको बताए।

## बिमालेख हरायो

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला।

**नाम: भिमकुमारी अधिकारी**
**बिमालेख नं.: १०८००६५८०**
**मोबाइल नं.: ९८६१८०६९३३**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MUGHAL MAHAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.**

पुर्व स्वीकृति मिति २०७६/११/१२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/03 | LT. No. 232889 | चलानी नं. ६०१५२२०९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Cleaner / Dishwasher | 6 | 2 | 90 | ३८,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 6 | 0 | 125 | ५३,५४५ | | | | | | | |
| 3 | Helper | 6 | 2 | 90 | ३८,५५० | | | | | | | |
| 4 | Hostess | 0 | 4 | 125 | ५३,५४५ | | | | | | | |
| 5 | Waiter | 6 | 4 | 110 | ४७,१२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क**/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Lions International Nepal Pvt. Ltd.** Govt. License 340/059/060
Lainchour, Ktm Nepal. Tel: +977 1 4444333/4444642/4412587
Email ID: lions.manpower@gmail.com, lions@mail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EXEDY (MALAYSIA) SDN.BHD.**

पुर्व स्वीकृति मिति २०७९/०७/03 | LT. No. 274025 | चलानी नं.६०१८९७८२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 18 | 0 | 1500 | ४१,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **TEAM WEAR SUPPLY SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०७/03 | LT. No. 274026 | चलानी नं.६०१८९७८३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 18 | 0 | 1500 | ४१,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NAMAQ COMPANY TO SERVE DRINKS**

पुर्व स्वीकृति मिति २०७८/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/03 | LT. No.259269 | चलानी नं. ६०१७९४५६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Factor | 15 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ARAB STREET CAFÉ TO SERVE DRINKS**

पुर्व स्वीकृति मिति २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/03 | LT. No.269791 | चलानी नं. ६०१८५७२४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Food And Beverage Counter Worker | 4 | 0 | 1500 | ५३,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **EWAN HUMAN RESOURCES COMPANY**

पुर्व स्वीकृति मिति २०७८/१२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/03 | LT. No.259621 | चलानी नं. ६०१७९६७५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Ordinary Labor | 1 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


## Invitation for Electronic Bids

*Budhanilkantha Municipality Office*
*Hattigaunda, Kathmandu*

**Date of publication: 2079/07/04**

1. *Budhanilkantha Municipality Office* invites electronic bids from Nepalese eligible bidders for the ***works mentioned below*** under National Competitive Bidding procedures.

| S. N. | Contract Number | Description of Work | Estimated amount with VAT and PS | Deadline date of bid submission and opening date | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | NCB/BNP/CW/079_080/04 | Construction of RCC Road and Masonary wall at Chisine | 1,94,68,076.57 | 2079/08/04 @ 12 :00 hrs 2079/08/04 @ 13:00 hrs | 5,00,000/- |
| 2. | NCB/BNP/CW/079_080/05 | Construction of Rigid Pavement at simali Gaun to chauki danda Park | 1,95,76,087.36 | 2079/08/04 @ 12 :00 hrs 2079/08/04 @ 13:00 hrs | 5,00,000/- |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

# घरपझोङ गाँउपालिका

**गाउँकार्यपालिकाको कार्यालय**
**जोमसोम , मुस्ताङ गण्डकी प्रदेश, नेपाल**
**प्रथम पटक प्रकाशित मितिः २०७९/०७/०४** फोन नं : ०६९-४४००१६

१. यस गाउँपालिका अन्तर्गतको चालु आ.ब. २०७९/८० मा सोलार सेट खरिद, ढुवानी तथा जडान कार्य शिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम दस्तुर रु.१०००।– अक्षरुपी एक हजार मात्र (पछि फिर्ता नहुने) तिरी वा ने.बं.लि को खाता नं. ०६८०३००००१००१००००१ आन्तरिक राजस्व खातामा रु. १००० जम्मा गरी खरिद गर्न चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र समेतको छाँयाप्रति (फोटोकपी) यस कार्यालयमा निवेदन पेश गरी दरभाउपत्र फाराम खरिद गर्न फर्मको जानकारीको लागि यो दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र आफूले खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी यस कार्यालयमा शिलबन्दी साथ दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १:०० बजे दरभाउपत्रदाता वा प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।
३. दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर नेपाल बैक लिमिटेड,जोमसोम, स्थित घरपझोङ गाउँपालिकाको धरौटी खाता नं. ०६८०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा 'क' वर्गको बैंकबाट जारी भएको र दरभाउपत्र खुल्ने मितिबाट ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बन्ड) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।
४. दरभाउपत्रदाताले दरभाउपत्रका आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ। साथै दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहीत रहनेछ।
५. एक आपसमा मिलेमतो गरी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्वीकृत गरिने छैन।
६. दरभाउपत्र फाराममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ। केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा आधिकारीक दस्तखत गरेको हुनुपर्नेछ।
७. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ।
८. एक विक्रेताको नाममा विक्रि भएको दरभाउपत्र अर्को विक्रेताको नाममा दाखिला (दर्ता) गर्न पाईने छैन।
९. रीत नपुगी तथा म्याद नाघी आएको दरभाउ पत्रलाई मान्यता दिइनेछैन।
१०. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ।
११. दरभाउपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बुझ्नुपरेमा कार्यालय समय भित्र कार्यालयको प्राविधिक शाखामा सम्पर्क राखी बुझ्न सकिने छ। कार्यालयको सम्पर्कः टेलिफोन नं. ०६९-४४००१६ र ९८५७६५००६७

**तपसिलः**

| सि.नं. | दरभाउपत्र नं. | विवरण | ईस्टिमेट अंक रु.(भ्याट समेत) | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | GRMJ/NCB/SQ/07/G/079/080 | सोलार सेट खरिद, ढुवानी तथा जडान कार्य, घरपझोङ गा.पा. | ११११११११.०० | ३१०००.०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# उपभोक्तामाथिको ठगी नियन्त्रण गर

नेपालको संविधानमा उपभोक्ताको हकलाई मौलिक हकको रूपमा स्थापित गरिएको छ । संविधानको धारा ४४ मा उपभोक्ताको हकसम्बन्धी व्यवस्था गरेको छ । उक्त धाराको उपधारा (१) मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख गरिएको छ । यस्तै, उपधारा (२) मा गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने भनी प्रस्ट लेखिएको छ ।

संविधानमा उल्लिखित उपभोक्ताको हक कार्यान्वयनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ समेत जारी गरिएको छ । उपभोक्ताको हक संरक्षणका लागि छुट्टै निकायसमेत गठन गरिएको छ । यसर्थ संविधानतः मौलिक हकको रूपमा स्थापित उपभोक्ताको हक कार्यान्वयनका लागि कुनै समस्या छैन । तर, व्यवहारमा यो कार्यान्वयन हुन सकेको छैन । उपभोक्ताले न त गुणस्तरीय वस्तु पाएका छन् न त गुणस्तरीय सेवा नै । सरकारी निकायले प्रभावकारी काम गर्न नसक्दा उपभोक्ता हरेक पाइलामा ठगिन बाध्य छन् ।

हुन त सरकारी निकायबाट बेलाबेला बजार अनुगमन हुने गरेको छ । विशेषगरी चाडपर्वको समयमा बजार अनुगमनको 'नाटक मञ्चन' हुने गर्दछ । अरुबेला यस्तो कार्य छिटफुटमात्र हुने गरेका छन् । हालै काठमाडौं महानगरपालिकाले राजधानीका मिठाइ पसल, रेस्टुरेण्ट तथा थकाली भान्साघरहरूको अनुगमन गरेको थियो । उक्त अनुगमनका क्रममा भान्साको सरसफाइमा समस्या देखिएको महानगरको अनुगमन टोलीले बताएको थियो । अधिकांश रेस्टुरेण्ट तथा भान्साघरहरूले म्याद गुज्रिएका खाद्य सामग्री प्रयोग गरेको पाइएको थियो । राजधानीमा नाम चलेकै रेस्टुरेण्ट तथा भान्साघर, मिठाइ पसलमा सरसफाइमा लापरवाही गर्दै उपभोक्ताको स्वास्थ्यमाथि खेलवाड गरिरहेको पाइएको हो ।

'अनुगमन गरिएका सबैको भान्सामा सरसफाइ र स्वच्छताका दृष्टिले कमजोर छन् । परिकार बनाउने कच्चा पदार्थहरू चामल, दाल, मसलाको उपयोग म्यादका विषयमा सञ्चालकहरूलाई खास चासो देखिएन । भान्सामा काम गर्नेहरूको व्यक्तिगत सफाइ कमजोर छ । उनीहरूले एप्रोनको सही प्रयोग गरेका छैनन्,' अनुगमन टोलीको निष्कर्ष थियो । यस्तै, फ्रिजमा राखिने वस्तुको व्यवस्थापन पनि कमजोर पाइएको, खाद्य अनुज्ञापत्र प्राप्त नभएका, उपभोग्य मिति उल्लेख नभएका वस्तुहरूको प्रयोग देखिएको थियो । द बर्गर हाउसको फ्रिजमा खान नमिल्ने मासु भेटिएको थियो भने थकाली भान्साघरको किचनमा खाना पकाउने ठाउँमै बसेर खाना खाइरहेको भेटिएको थियो ।

यस्तै नाम चलेका सपिङ मल तथा सुपरमार्केटहरूमा पनि बेलाबेला गुणस्तरहीन वस्तु फेला परेका समाचारहरू आउने गरेका छन् । तर, यी बजार अनुगमन नियमित हुन नसक्दा उपभोक्तामाथिको ठगी अनियन्त्रित बनेको छ । उपभोग्य वस्तुमा मात्रै हैन विभिन्न सार्वजनिक सेवामासमेत उपभोक्ता ठगिँदै आएका छन् । उपभोक्ताको हकविपरीत कार्य गर्ने व्यवसायीलाई कानुनी कारबाहीको दायरामा ल्याउन नसक्दा यस्तो कार्य नियन्त्रण चुनौतीपूर्ण बनेको हो ।

सरोकारवाला मन्त्रालयका मन्त्री र निकायका अधिकारीहरूका साथै उपभोक्ताको हित संरक्षण गर्न भनी स्थापना भएका संघसंस्थाका पदाधिकारीहरूले उपभोक्ताको हकबारे चर्का भाषण र प्रतिबद्धता जनाउने गरे पनि व्यवहारमा देखिएको छैन । संविधानले स्थापित गरेको हक कार्यान्वयन गर्न सरकारले प्रभावकारी रूपमा आफ्नो सरोकारवाला निकायलाई परिचालन गर्न आवश्यक छ । उपभोक्तालाई सचेत बनाउँदै गैरकानुनी कार्य गरी उपभोक्तामाथि ठगी गर्ने व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । उपभोक्तामाथि भइरहेको ठगी नियन्त्रणमा सरोकारवाला सबैको ध्यान जाओस् ।

# सीपको सम्मान न संरक्षण

राधिका बुढाथोकी

सिन्धुलीको सदरमुकाम सिन्धुलीमाढीको बसपार्क अगाडि मधुटार जाने बाटो छ । बाटो छेउमा लामै लाइन देखिन्छ, जुत्ता-चप्पल बनाउनेहरूको । लाइनभित्रै भेटिन्छन्, महोत्तरीको गौशाला नगरपालिका-११ कालिपुलका नथुनी राम (४३ वर्ष) । जुत्ता-चप्पलको तलुवा फेर्नु, फाटेको टल्काउनु, च्यातिएको सिउनु र चुडिएको जोड्नु उनको पेसा हो । यो पेसाले उनलाई दाम दिएको छ । दामले जसोतसो जीविका चल्दै छ । दैनिक जीविका चलाउन रहर जलाउनुको विकल्प छैन । यसरी जुत्ता सिएरै दुई दशक बितिसकेको उनी बताउँछन् ।

हजुरबाले गर्दै आएको कामलाई बुवाले निरन्तरता दिए । रोगले थलिएर उमेरमै बुवाको मृत्यु भएपछि जेठो सन्तानका रूपमा जन्मिएका भयो । 'तर, हाम्रा दुःख ज्यूँका त्यूँ छन् । मेहेनत र संघर्षले विश्राम लिएको छैन । थकानले विश्राम पाउँदैन,' उनी भन्छन् ।

आधुनिक प्रविधिको जमानामा पनि उनको काम गर्ने शैली पुरानै छ । जीवन भोगाइमा पृथकता आउन सकेको छैन । उनले आफ्नो जीवनशैली परिर्वतन गर्न नचाहेको पनि होइन । आर्थिक अवस्था कमजोर भएपछि रहर एकातिर आफ्नो बाध्यता अर्कोतर्फ हुने बताए । 'मेरो छोरो र भाइहरू सबैले यस्तै काम गर्छन्, जागिर गर्न पढेका छैनन्, बुवाआमाले मलाई पढाउन सक्नुभएन, मैले छोराछोरीलाई पढाउन सकिनँ,' उनले भने ।

जुत्ता, चप्पल सिलाएर कमाएको पैसाले अत्यावश्यक गाँस, बास र कपास पुर्‍याउनै धुँलोधुवा, उखरमाउलो गर्मी, झरी, हावाहुरी सबै सहेर दैनिकी सडकमै बताउनुपरेको छ,' उनले भने, 'पसल खोल्न पैसा छैन । विनाधितो बैंकले ऋण दिँदैन । धितो राख्न जमिन छैन, सीप भएर के गर्नु ?' उनले दुःखेसो पोखे ।

जुत्ता चप्पल सिलाउँदा-सिलाउँदै रोगले थला परेका बुवाको उपचार गर्दा ऋण लाग्यो, बाँचेनन् । आमाको पनि दुःखद् निधन भयो । एक जना दाइले जुत्ता सिलाएको कमाइले पेटभरि खानै पुग्थेन । पढ्न जान कपी नै हुँदैन थियो ? उनले विगतलाई सम्झिँदै भने, 'नपढेता पनि सीप सिकेको छु । यही सीपले चार जनाको परिवार पालेको छु । कहिलेकाहीँ कमाइ नै हुँदैन । व्यवहार टार्न मुस्किल पर्छ । बाँकी दिनमा एक सयदेखि एक हजारसम्म कमाइ हुन्छ ।'

रहेका छोराछोरी, घर परिवारको खर्च बाबुछोराको कमाइले धानेको बताउँछन् । सम्पत्तिको नाममा बुवाको नाममा दुई कठ्ठा जमिन छ । उनको दुई दाजुभाइले बुवाको त्यही जमिनमा छुट्टाछुट्टै घर बनाएर यही पेसा गरेर परिवार पालेका छन् ।

सिन्धुलीमाढीमा महोत्तरीका मात्रै १५ जनाभन्दा बढी छन् । उनीहरू सबैको आर्थिक अवस्था नाजुक छ । जुत्ता, चप्पल सिलाउनका लागि चाहिने सामान्य सामान पनि सिन्धुलीमा पाइँदैन । जनकपुर, काठमाडौं या त भारतका बजारमा लिन जानुपर्छ । स्थानीय सरकारले बस्ने ठाउँको उचित व्यवस्थापन गर्नेतर्फ चासो राखेको छैन । कर भने हरेक हस्ताको शनिबार ५० रूपैयाँका दरले लिने गरेको महोत्तरीको औरही नगरपालिका-६ बैरियाका नागेन्द्र रामले (३७ वर्ष) बताए ।

यसैगरी, सार्वजनिक शौचालय प्रयोग गरेबापत प्रत्येक दिन प्रतिव्यक्ति २० रूपैयाँ तिर्नुपर्ने उनले

> जुत्ता सिलाउने रामहरूको पुर्ख्यौली पेसा नै हो । आर्थिक र व्यावसायिक तालिमको अभावमा उनीहरूको पेसाले सम्मान पाउन सकेको छैन । उनीहरूको सीपलाई संरक्षण तथा प्रवर्द्धन गरी व्यावसायिकरूपमा अगाडि बढाउनसके थप रोजगारीको सिर्जना हुने थियो । साथै, आम्दानी बढ्ने हुँदा उनीहरूको दैनिक जीविकामा सहयोग पुग्ने देखिन्छ ।



नथुनीलाई नौ जनाको परिवार पाल्ने जिम्मेवारी थपियो । आर्थिक अभावका कारण पढ्लेख गर्न नपाएका उनी सानै उमेरमा बुवाले गर्दै आएको पेसा अँगाल्न बाध्य भए ।

यो पेसा सुरु गर्दा उनी १६ वर्षे ठिटो थिए । हप्ताको एकपटक सरकारी कर्मचारीले लगाउने छालाका जुत्ता टल्काउन सिन्धुलीमाढी आउथे । महोत्तरीबाट २० रूपैयाँ गाडी भाडा तिरेर माढीबजार आएको उनलाई हिजोजस्तो लाग्छ । त्यो बेलाको सिन्धुली सम्झिँदा अहिले सपनाजस्तो लाग्ने उनले बताए । उनका अनुसार पछिल्लो समय जिल्लामा आमूल परिवर्तन आएको छ । त्यतिबेला यहाँ काठका घर पातला थिए । अहिलेको फोस्रेटार, धुराबजार, मधुटार, गैरीबजार, ढुंग्रेबासमा घनाजंगल थियो । बसपार्कमा एउटा मात्र काउन्टर थियो । दैनिक दुई-चारवटा मात्र बस चल्थे ।

समय सधैं कहाँ एकैनास हुने रहेछ र ? आफ्नो केश फुल्न थाले । माढीबजारको रङ बदलियो । काठका घर विस्थापित भए । सिमेन्टका ठूला-ठूला घरहरू बन्दै गए । जंगल गाउँ हुँदै सहरमा परिर्वतन भयो । सवारीसाधनको चाप बढ्यो । काउन्टर थपिँदै गए । पार्कले थेग्नै छोडिसक्यो । चहलपहल बढ्दै गयो । गाँस, बास, कपासलगायतका उपभोग्य सामग्रीको मूल्य आकासियो । समय पूरै परिर्वतन धौधौ हुने उनको भनाइ छ । 'कोठाभाडा, बिजुली बत्ती र पानीको लागि महिनैपिच्छे पाँच हजार छुटचाउनुपर्छ । पाँच जनाको परिवारलाई चामल, तरकारी, नुनतेल, लुगाफाटो, चाडबाडमा पाहुनाको सत्कारमा खर्च ठूलो छ । कमाइ महिनामा १०-१५ हजार पनि हुँदैन,' उनले सुनाए ।

नथुनीको भाइ राजकुमार राम (वर्ष ३९) को कथा दाइको भन्दा कम छैन । सानो उमेरमा आर्थिक अभावका कारण ठूलो दबाबमा परे । दाइको कमाइले बिरामी आमाको उपचार गर्न खर्च पुगेन । मजदुरी गर्न भारत गए । लेखपढ नभएको उनलाई चाहेको जस्तो काम मिलेन । बल्लतल्ल मिलेको काम पढलेख नभएकै कारण गर्न सकेनन् । भारतमा टिक्न गाह्रो भयो । जुत्ता, चप्पल बनाउन, सिलाउन, तलुवा लगाउनलगायतको (जो अहिले गरिरहेका) सीप सिकेर गर्ने निर्णयमा पुगे । सीप सिक्ने तालिम लिन पैसा थिएन । अरुले काम गरिरहेको ठाउँमा गएर हेरेकै भरमा सबै सीप जानेको उनले बताए ।

राजकुमारसँग नयाँ जुत्ता, चप्पल बनाउने कला पनि छ । मागअनुसार जस्तो भन्यो त्यस्तै बनाइदिन सक्ने सीप आफूसँग भएको उनले सुनाए । यसका लागि स्रोत र साधन जुटाउन नसकेको उनको भनाइ छ । 'कोठा लिएर पसल खोल्नसमेत नसकेर

यही पैसाले छोराछोरीलाई सरकारी स्कुलमा पढाएकोसमेत उनले सुनाए । विदेशमा मजदुरी गर्नुभन्दा यसैमा खुसी मिलेको उनले बताए । जुत्ता, चप्पलको उद्योग चलाउन स्थानीय सरकारको ढोका पटकपटक ढकढकाउँदासमेत केही सहयोग लिन नसकेको उनको गुनासो छ । मेसिनलगायतका आवश्यक सामान किन्न तीन लाख रूपैयाँ मात्र ऋण पाएको भए यसैबाट कमाइ हुन्थ्यो र तिर्थे भन्ने उनलाई लागेको छ ।

नथुनी र राजकुमारको जस्तै महोत्तरीको औरही नगरपालिका-६ बैरियाका विन्देश्वर राम (४२ वर्ष) को तीन पुस्ताको जिउने आधार यही पेसा भएको छ । वैदेशिक रोजगारीका क्रममा कतार र मलेसिया पाँच वर्ष बिताएर आफ्नो देश फर्किएका उनले बुवाले गर्दै आएका पेसालाई निरन्तरता दिएका हुन् । छोरा सञ्जय राम (१७ वर्ष) र भतिजा विजय राम (२८ वर्ष) पनि यतै जुत्ता सिलाउने काम गर्छन् । बुवा दुखा राम (७० वर्ष) अझैसम्म यही काम गरिरहेको उनले बताए । 'आफू त नपढेर दुख पाएँ, छोराले पढेर जागिर गरोस् भनेर पढाउने धेरै कोसिस गरें, पढेन । यो पेसामा पहिलोको जसरी कमाइ हुन छोड्यो, अब नागरिकता बनाएर विदेश पठाइदिन्छु,' उनले भने ।

चार छोरी र दुई छोराका बाबु बताउने विन्देश्वर दुई छोरीको विहे गरिदिएको र बाँकी

जानकारी दिए । सरकारले जीविका धान्नका लागि सडकमा बसेर जुत्ता, चप्पल सिलाउने व्यवसायीहरूको सीपलाई सम्मान नगरेको उनको भनाइ छ । यो र यस्तै सीपलाई व्यवस्थापन, संरक्षण, प्रवर्द्धन गर्न सके स्थानीयस्तरका धेरै युवाहरूले रोजगारी पाउने उनको धारणा छ । यसतर्फ कसैको ध्यान जान नसकेको उनले बताए ।

नागेन्द्रले सिन्धुलीमा यसरी जुत्ता सिलाउँदै आएको २६ वर्ष बित्यो । परिवारको दैनिक खर्च टार्नका लागि जुत्ता, चप्पल मर्मत गर्न थालेको बताउँदै उनले भने, 'खेतबारी छैन, पेट पाल्नका लागि जसरी भए पनि कमाउनै पर्‍यो ।'

उनी जुत्ता मर्मत गरेर दैनिक ४०० देखि एक हजार रूपैयाँसम्म कमाउँछन् । त्यही कमाइले कोठाभाडा तिर्न, खानेकुरा जुटाउन, लुगा लगाउन, छोराछोरी पढाउन, बिरामी हुँदा औषधि, उपचार गर्नलगायतको लागि खर्च पुर्‍याउनुपर्ने उनले बताए । जुत्ता, चप्पल सिलाउने सियोदेखि आवश्यक कच्चा पदार्थसम्म बाहिरबाट महँगो मूल्य तिरेर ल्याउनुपर्ने र सेवाग्राहीले यसको मर्म नबुझिदिने उनको गुनासो छ ।

यो रामहरूको पुर्ख्यौली पेसा नै हो । आर्थिक र व्यावसायिक तालिमको अभावमा उनीहरूको पेसाले सम्मान पाउन सकेको छैन । उनीहरूको सीपलाई संरक्षण तथा प्रवर्द्धन गरी व्यावसायिकरूपमा अगाडि बढाउनसके थप रोजगारीको सिर्जना हुने थियो । साथै, आम्दानी बढ्ने हुँदा उनीहरूको दैनिक जीविकामा सहयोग पुग्ने व्यवसायीहरू बताउँछन् । *रासस*

## मनन्योग्य

### चाणक्य नीति

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्कर हेरे- अगाडि राजसी पहिरनमा कुनै वृद्ध खडा छन् । विष्णुगुप्त आश्चर्यमा पर्दै ती वृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन् ।

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे । जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे । **क्रमशः**

## पत्र-मञ्जुषा

# थोत्रा गाडीले लिँदै छ हजारौंको ज्यान

सरकारले २० वर्ष पुगेका वा थोत्रा, पुराना, कबाडी सवारीसाधनलाई चल्न दिँदा प्रत्येक दिन दुर्घटना बढेर जनता मरिरहेका छन् । साथै, यी गाडीहरूले दुर्घटनाका साथसाथै प्रदूषण र ट्राफिक जाम पनि बढाइरहेको पाइन्छ । अहिले पनि यातायात व्यवसायीहरू २० वर्ष पुगेका गाडीको म्याद थप गर्न वा सरकारले २० वर्ष गाडी चलाउनबाट लगाएको प्रतिबन्ध हटाउन प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई ज्ञापनपत्र बुझाउने र भेट्ने काम गरिरहेका छन् ।

सरकारले पनि २० वर्षे पुराना गाडीहरू चल्न दिँदा बर्सेनि हजारौं मानिसहरूको ज्यान यही गाडीहरूका कारण गइरहेको छ । सरकार, मानिसको ज्यान ठूलो कि व्यवसाय ? यातायात व्यवसायीहरूले व्यवसाय गर्ने नाममा सर्वसाधारण जनतालाई थोत्रा, पुराना र कबाडी गाडीमा चढाएर भीरबाट खसालेर मार्न मिल्छ ? के सर्वसाधारणको चाहिँ बाँच्ने अधिकार छैन र ?

यातायात व्यवसायीहरूले पुराना, थोत्रा गाडी चलाएर नै कति मानिसको ज्यान गएको छ त कति बालबच्चाले आफ्नो आमाबुबा गुमाएका छन् । अनि यसको जिम्मा कसले लिन्छ त ? जनताको बाँच्न पाउने अधिकार सुरक्षित गर्नु त सरकारको कर्तव्य हो । तर, यातायात व्यवसायीहरूले आफू कमाउन थोत्रा, पुराना, कबाडी गाडी चलाएर जनतालाई ठग्दा र मर्दा सरकार के हेरेर बसिरहेको छ ?

जनता पैसा तिरेर गाडी चढ्छन् तर यातायात व्यवसायीहरू भने जनतासँग पैसा पनि लिन्छन् र उनीहरूलाई नै भीरबाट खसालेर मार्छन् । अहिले चौतर्फी जनताको एउटै माग रहेको छ । त्यो हो, भाडाको वा निजी प्लेटको गाडी दर्ता भएको मितिले १५ वर्ष पुगेपछि नै हटाउनुपर्छ र यिनीहरूको बिल बुकमा नै यो लेखिनुपर्छ ।

सरकारले बर्खास्त गरेको यातायातमन्त्री मोहम्मद इश्तियाक राईलाई यातायात व्यवसायीले २० वर्षे गाडीको म्याद थप गर्न सात करोड पैसा दिन्छु भनेर यातायात व्यवसायीहरू मन्त्रालय धाइरहेको कुरा मन्त्रालयकै एक कर्मचारी नाम खुलासा नगर्ने सर्तमा बताउँछन् । त्यस्तै यता यातायात व्यवस्था विभागका महानिर्देशक टोकराज पाण्डेय, मन्त्री मोहम्मद इश्तियाक राई र सचिव गोपालप्रसाद सिग्देल पनि यातायात व्यवसायीसँग पैसा खान डराए ।

यसरी २० वर्ष गाडीको प्रतिबन्ध हटाउँदा अत्याधिक ट्राफिक जाम, प्रदूषण र दुर्घटना बढ्ने भएकाले उनीहरूले २० वर्ष गाडीको म्याद थप गर्न वा सरकारले यसमा लगाएको प्रतिबन्ध हटाउनमा कुनै चासो दिएनन् । अहिले यातायात मन्त्रालय प्रधानमन्त्री शेरबहादुर देउवाले आफैं सम्हालेका छन् । तर, अहिले २० वर्ष गाडीको म्याद थप गर्नुपर्छ वा प्रतिबन्ध हटाउनुपर्छ भनेर नेपाल यातायात राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वाँरले प्रधानमन्त्री र माओवादीका अध्यक्ष दाहाललाई ज्ञापनपत्र बुझाएका छन् ।

स्वाँर नेपाली कांग्रेसका कार्यकर्ता हुन् भने सरोज सिटौला माओवादीका कार्यकर्ता हुन् । अहिले स्वाँरले बजारमा यातायात व्यवसायीलाई 'हाम्रो पार्टीको सरकार छ र मैलै जे भन्यो त्यही कुरा प्रधानमन्त्रीले मान्नुहुन्छ' भनेर भन्न थालिसकेका छन् । साथै, यता यातायात व्यवसायीसँग २० वर्ष गाडीको म्याद थप गर्न उठाएको सात करोड रूपैयाँ रकम महसंघका नेताहरूले मिलेर खाने भनेर यातायात व्यवसायीहरू बताउँछन् ।

२०७१ भदौ २६ गतेको मन्त्रिपरिषद्को बैठकले २० वर्षे गाडी हटाउने भनेर निर्णय गर्‍यो र २०७१ फागुन १८ गते राजपत्रमा निकाल्यो । यता २०७२ चैत १ गतेको मन्त्रिपरिषद्को बैठकले २०७३ फागुन १७ गतेदेखि बागमती प्रदेशबाट र २०७४ साल चैत १ गतेदेखि २० वर्षे गाडी देशैभरिबाट हटाउने भनेर निर्णय गरेको थियो । उक्त मितिमा २० वर्षे गाडी हट्यो र त्योभन्दा पछाडिका गाडीहरू अहिले पनि बाटामा गुडिरहेका छन् । ट्राफिकले त्यस्ता गाडीहरूलाई कारबाही गरेको छैन । अहिले पनि २२ देखि २७ वर्षसम्म पुगेका गाडीहरू बाटामा गुडिरहेका छन् । जसले गर्दा ट्राफिक जाम, प्रदूषण र दुर्घटना बढिरहेको छ ।

*- रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नुभएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

## जसले सयौं...

पृष्ठ १ बाट जारी

निवर्तमान उपाध्यक्ष अञ्जु आचार्यले जानकारी पाइन् ।

कोभिड संक्रमण भएर आइसोलेसनमा बसेकी उपाध्यक्ष आचार्य स्वास्थ्य मापदण्ड पालना गरेर लीलाको स्वास्थ्य अवस्था बुझ्न पुगिन् । 'राष्ट्रपति महिला उत्थान कार्यक्रम'अन्तर्गत ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार सेवामा दुप्चेश्वर गाउँपालिका पनि सहभागी भएकाले जिल्ला प्रशासन कार्यालयलाई खबर गरेको एक-दुई घण्टामै हेलिकप्टर आएको उनको भनाइ छ ।

स्थानीय तहले हेलि व्यवस्था गरे पनि लीलाको परिवार भने धामी झाँक्रीको विश्वासमा थिए । सुरुमा त लीलाको परिवारले अस्पताल जान पनि आनाकानी गरिरहेका थिए । तर, स्थानीय तहले नै सबै प्रबन्ध मिलाएपछि उनीहरू धामी झाँक्रीसहित काठमाडौंको थापाथलीस्थित प्रसूति अस्पताल पुगे । निवर्तमान उपाध्यक्ष आचार्यले केही मिनेटमात्रै ढिला भएको भएर सुत्केरीको ज्यानै जान सक्ने अवस्था रहेको बताइन् । त्यो घटना सम्झिँदा अहिले पनि उनलाई आफूले पुण्य हुने काम गरे भन्ने खुसी मिल्छ ।

केही वर्ष अघिसम्म व्यवस्थित स्वास्थ्य सेवाको कमजोर पहुँच र संस्कृतिजन्य अन्धविश्वासका कारण दुप्चेश्वर गाउँपालिकामा घरमै जोखिमपूर्ण सुत्केरी हुने चलन व्यापक थियो । २०७४ सालको स्थानीय चुनावअघिसम्म यहाँ संस्थागत सुत्केरी हुनेको संख्या १३ प्रतिशत मात्र थियो । निर्वतनमान उपाध्यक्ष आचार्यका अनुसार स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरू आइसकेपछि पछिल्लो पाँच वर्षमा संस्थागत सुत्केरीको दर बढेर ४३ प्रतिशत पुगेको छ ।

उनले स्थानीय सरकार आएपछि उल्लेखनीय काममध्ये प्रसूति सेवा मुख्य रहेको बताइन् । '२०७४ सालको निर्वाचनमा हाम्रो मुख्य एजेण्डा नै मातृशिशुमा रहेर काम गर्ने नै थियो । तर, कोरोनापछि यसमा थप जिम्मेवारी थपियो,' पूर्वउपाध्यक्ष आचार्य भन्छिन्, 'यो वर्ष गाउँपालिकाको तीनवटा वडालाई पूर्ण संस्थागत सुत्केरीमैत्री वडा घोषणा गर्न तयारी अवस्थामा राखिएको छ ।'

गाउँपालिकाले कुनै पनि हालतमा बर्थिङ सेन्टरलाई प्रभावित गर्नु हुँदैन भनेर लागिपरेको पूर्वउपाध्यक्ष आचार्यले बताइन् । महामारीको समयमा गाउँपालिकाको पाँच वटा वडामा रहेका आठ वटा बर्थिङ सेन्टर सञ्चालनमै रहेको उनी सम्झिन्छिन् । उनले कोभिड संक्रमणका बेला पनि गाउँपालिकाले नियमित जाँच गर्न आउने गर्भवतीहरूको सेवामा कुनै पनि कटौती नगरेको र सेवा दिएबापत स्वास्थ्यकर्मीलाई भत्ता दिएको बताइन् ।

कतिसम्म भने लकडाउनको समयमा यातायात नचलेपछि बर्थिङ सेन्टरहरूले अन्यत्र अस्पताल पठाउनुपर्ने गर्भवतीहरूका लागि भनेर गाउँपालिकाले दुईवटा एम्बुलेन्सको जोहो गरेको थियो । ती दुई एम्बुलेन्समध्ये एउटा नर्मल र अर्कोमा कोभिड संक्रमित वा शंका लागेको बिरामी राख्ने व्यवस्था गाउँपालिकाले मिलाएको थियो ।

कोभिड संक्रमणका बेला सिंगो स्वास्थ्य क्षेत्र नै लथालिंग बने पनि स्थानीय तहको सक्रियताले देशैभरि मातृशिशु स्वास्थ्यको क्षेत्रमा उल्लेख्य क्षति कम भएको देखिन्छ । खासगरी गर्भवती र सुत्केरीको ज्यान जोगाउन स्थानीय तहले खेलेको भूमिकाले धेरैलाई पुनःजीवन दिएको छ । जस्तो कि, स्थानीय तहकै पहलमा दुप्चेश्वर गाउँपालिकाले गर्भवती महिलाहरूका लागि भनेर फोनमार्फत नै स्वास्थ्य परामर्श दिने व्यवस्था मिलाएको थियो । स्थानीय तहले शिखरबेसी स्वास्थ्यचौकीमा प्रसूति हुन आएका आमाहरूलाई कोरोनासँग मिल्दाजुल्दा लक्षणहरू देखिएमा अलग्गै राख्नका लागि आइसोलेसन कक्षसमेत निर्माण गरिदिएको थियो ।

कतिपय स्थानीय तहले त कोभिड महामारीमा सबैभन्दा जोखिममा गर्भवती र सुत्केरी महिला हुने भन्दै थप सजगता पनि अपनाए । नुवाकोटको दुप्चेश्वर-१ मा त कोभिडकैबीच बर्थिङ सेन्टर सञ्चालनमा ल्याइयो । दुप्चेश्वर-१ घ्याङफेदीमा सञ्चालित बर्थिङ सेन्टरका अहेब समिरकुमार महतोले आफूहरूले कोभिड लागेका गर्भवती वा सुत्केरी आए भने कसरी सेवा दिने भन्ने योजनासमेत त्यतिबेला बनाएको अनुभव सुनाए । कोभिड संक्रमणको सुरुआती दिनहरूमा स्थानीय स्वास्थ्य संस्थाहरूलाई कसरी सञ्चालनमा ल्याउन सकिन्छ भन्ने अन्योल स्थानीय तहमा भएको देखिन्छ। जस्तो कि, बर्दिया जिल्लाको बारबर्दिया नगरपालिकाका निवर्तमान नगरप्रमुख दुर्गाबहादुर चौधरी कोरोनाको पहिलो लहरमा सबै जनप्रतिनिधि र स्वास्थ्यकर्मीका कसरी काम गर्ने होला भन्ने डर देखिएको बताउँछन् । उनले भने, 'सुरुमा त सबै डराएका थिए । सबै डराएपछि कसरी काम गर्ने त भनेर निकै अन्योल भयो ।'

सधैंभरि डराएर भएन भनेपछि जनप्रतिनिधि नै अग्रसर भएर क्वारेन्टिन व्यवस्थापनतिर लागेका सबैको हौसलाले गर्दा स्वास्थ्यकर्मीहरू पनि अग्रभागमा खटिएको अनुभव उनले बाँडे । कोभिडको समयमा नगरपालिकाले बिरामीहरूका लागि भनेर दुई वटा छुट्टै एम्बुलेन्स सेवा निःशुल्क दिएको थियो ।

नगरपालिकाले मगरगढीमा रहेको आरसी थारू मेमोरियल अस्पताललाई प्रसूति गृहका रूपमा पनि तोकेको थियो। त्यस्तै कोभिडका बेला पनि सुत्केरीहरूले सेवा पाउन् भनेर बानियाभार स्वास्थ्यचौकी, पद्नाहा र धधवार स्वास्थ्यचौकीबाट सेवा जारी राखेको थियो । उनले यी तीनवटै संस्था कोभिड 'फ्रेण्डली' बनाएको बताए । उनले प्रसूति गराउनुपर्ने आमालाई कोरोना पुष्टि भयो भने आरसी थारू मेमोरियल अस्पतालमै प्रसूति गराइन्थ्यो भने सामान्य अवस्थामा रहेका गर्भवती महिलालाई भने पायक पर्ने स्थानमा नै सेवा दिने गरेको उनको भनाइ छ । कोरोना संक्रमणका बेला जटिल अवस्थाका सुत्केरी र गर्भवतीलाई जिल्ला अस्पताल गुलरिया रेफर गर्नुपर्ने हुनसक्ने भन्दै नगरपालिकाले जिल्ला अस्पतालसँग पनि समन्वय गरेको थियो ।

जनस्वास्थ्यविज्ञ डा. शरद वन्त भने कोभिड महामारीमा सबै स्थानीय सरकारले प्रसूति सेवालाई सहज बनाउन राम्रो भूमिका खेले भनेर भन्न सकिने अवस्था नरहेको बताउँछन् । एकाध स्थानीय तहले कोभिडको समयमा गर्भवती र सुत्केरीका लागि राम्रो काम गरे पनि त्यो नै उल्लेख्य नभएको उनको भनाइ छ । उनले गर्भवती तथा सुत्केरीका निम्ति आवश्यक स्वास्थ्य सेवा संवेदनशील विषय भएको उल्लेख गर्दै स्थानीय तहमा महिला स्वास्थ्य स्वयंसेविकाहरू हुनु सबैभन्दा सकारात्मक कुरा भएको बताए । डा. वन्तले भने, 'कोभिड महामारीमा स्वास्थ्य स्वयंसेविकाहरूलाई सहीरूपमा परिचालन गरेर गर्भवतीको अवस्था कस्तो छ ? क-कसलाई विशिष्टीकृत सेवाको आवश्यकता परेको छ भनेर सूचना संकलन गर्ने र त्यसैका आधारमा स्वास्थ्य संस्थाले स्थानीय सरकारसँग मिलेर काम गर्नुपर्ने थियो । तर, त्यस्तो अभ्यास देखिएन । अब फेरि महामारी आयो भने स्थानीय सरकारले यस्ता कुरामा ख्याल गर्नैपर्छ ।' डा. वन्त महामारीको बेला सबै गर्भवती स्वास्थ्य संस्थासम्म पुग्नसक्ने अवस्था नभएकाले त्यस्तो बेला स्थानीय सरकारले घरघरमा गएर उनीलाई सेवा दिन सक्नुपर्ने तर्क राख्छन् ।

कोभिडको समयमा स्थानीय सरकारले कोभिड नियन्त्रण र कोभिडका कारण उत्पन्न समस्या समाधानमा महत्त्वपूर्ण भूमिका खेलेको गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष होमनारायण श्रेष्ठले बताए । सार्वजनिकस्थलमा जमघट गर्ने क्रियाकलापमा रोक लगाउनेदेखि प्रसूति सेवालाई सहजीकरण गर्नका लागि यातायातको व्यवस्था गर्नेमा स्थानीय सरकार लागिपरेको उनले बताए । कोभिडको बेला गर्भवतीले गराउनुपर्ने नियमित परीक्षणदेखि प्रसूति हुँदासम्म स्थानीय सरकारले निगरानी गरेर सेवा प्रदान गरेको अध्यक्ष श्रेष्ठले सुनाए ।

'केही स्थानीय तहले फोनमार्फत गर्भवती महिलाको स्वास्थ्यबारे बुझबुझारथ गरेका थिए,' उनले भने । कोभिड महामारीमा स्वास्थ्य संस्थासम्म आउन नसकेको गर्भवतीका लागि स्वास्थ्यकर्मी घरमै गएर उपचार सेवा दिनुपर्ने खाँचो देखिए पनि त्यस्तो काम हुन नसकेको उनले बताए ।


## कर्जा नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०७/०४**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको यस संस्थासँग कर्जा लिँदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, अन्य दै दस्तुरसमेत तिर्न बुझाउनको लागि निजलाई पटक-पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दासमेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरूको उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज, हर्जाना अन्य दै दस्तुरसमेत) चुक्ता भुक्तान गर्नुहोला । अन्यथा कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको तपसिलको अचल सम्पति सहकारी ऐन २०७४ र नियमावली २०७५ बमोजिम लिलाम बिक्री वा अन्य ब्यवस्था गरी कर्जा असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस संस्थालाई लेखिदिएको धितोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणीको अन्य चल अचल सम्पतिबाट समेत लेना बाँकी रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | | जमानीकर्ताको विवरण | |
|---|---|---|---|
| **ऋणी :- सरस्वता भुसाल**<br>पतिको नाम : सुमन गैरे<br>ससुराको नाम : जिवलाल गैरे<br>बाबुको नाम : गंगाराम भुसाल<br>ठेगाना : धारापानी गा.वि.स. ०५, अर्घाखाँची<br>नागरिकता नं. : ४०३०१९/१७६<br>जारी जिल्ला : जि.प्र.का. अर्घाखाँची |  | **नाम :- गौतम प्रसाद भुसाल**<br>बाबुको नाम : गंगाराम भुसाल<br>बाजेको नाम : रोमाखर भुसाल<br>ठेगाना : काठमाडौं म.न.पा.३४, काठमाडौं<br>नागरिकता नं. १०६०/७४९९९<br>जारी जिल्ला : जि.प्र.का. काठमाडौं |  |

धितोको विवरण

ऋणी सरस्वता भुसालको नाममा दर्ता रहेको काठमाडौं जिल्ला बाहिरी गाउँ गा.वि.स. वडा नं. ९ कि.नं. ४१३, ४१६, ४३१, ४३६ र ४३४ को क्रमशः क्षेत्रफल २३.८५ व.मि. , ७.९५ व.मि. , ५९.६२ व.मि. , १५.९० व.मि. र २९.८२ व.मि. गरि जम्मा क्षेत्रफल १३७.१४ व.मि. जग्गा लिगलगापात समेत पुरा ।

| ऋणीको विवरण | | जमानीकर्ताको विवरण | |
|---|---|---|---|
| **ऋणी :- लक्ष्मी भुसाल**<br>पतिको नाम : बाबुराम गैरे<br>ससुराको नाम : बुद्धिराम गैरे<br>बाबुको नाम : गंगाराम भुसाल<br>ठेगाना : धारापानी गा.वि.स.- ०५, अर्घाखाँची<br>नागरिकता नं. : ६७२७/३८५५<br>जारी जिल्ला : जि.प्र.का. अर्घाखाँची |  | **नाम :- गौतम प्रसाद भुसाल**<br>बाबुको नाम : गंगाराम भुसाल<br>बाजेको नाम : रोमाखर भुसाल<br>ठेगाना : काठमाडौं म.न.पा.३४, काठमाडौं<br>नागरिकता नं. १०६०/७४९९९<br>जारी जिल्ला : जि.प्र.का. काठमाडौं |  |

**धितोको विवरण**

ऋणी लक्ष्मी भुसालको नाममा दर्ता रहेको भक्तपुर जिल्ला दुवाकोट गा.वि.स. वडा नं. ३ कि.नं. ९३३ को क्षे.फ. १३५.११ व.मि.जग्गा लिगलगापात समेत पूरा ।

| ऋणीको विवरण | | धितोको विवरण |
|---|---|---|
| **ऋणी :- मिठ्ठाराम खड्का**<br>बाबुको नाम : सान बहादुर खड्का<br>बाजेको नाम : जित बहादुर खड्का<br>ठेगाना : कागेश्वरी मनहरा न.पा. ०७, काठमाडौं<br>नागरिकता नं. :२७-०१-७४-०३८९४<br>जारी जिल्ला : जि.प्र.का. काठमाडौं |  | ऋणी मिठ्ठाराम खड्काको नाममा दर्ता रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं.५ कि.नं.२५७ को जम्मा क्षे.फ. ५६६.४० व.मि. जग्गा लिगलगापात समेत पूरा । |
| **ऋणी :- साजन थापा**<br>बाबुको नाम : बालकृष्ण थापा<br>बाजेको नाम : बुद्धि बहादुर थापा<br>ठेगाना : गोठाटार गा.वि.स.०७, काठमाडौं<br>नागरिकता नं. : ५५८<br>जारी जिल्ला : जि.प्र.का. काठमाडौं |  | ऋणी साजन थापाको नाममा दर्ता रहेको काठमाडौं जिल्ला मुलपानी गा.वि.स. वडा नं.३ कि.नं.६११, १४०३ र १३९३ को क्रमशः क्षे.फ. ९५.३९ व.मि., १०१.३४ व.मि. र ११९.२२ व.मि. गरि जम्मा क्षेत्रफल ३१५.९५ व.मि. जग्गा लिगलगापात समेत पूरा । |

**ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.

मुख्य कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं: ०१-४७८०९८५, ४७८६३२७
Email:info@jyotipunja.coop.np,
URL: www.jyotipunja.coop.np



### पेन्सनपट्टा हराएको सूचना

मिति २०७९।०५।२० गते कलन्कीदेखि कालीमाटीसम्म जाँदा मेरो निम्न व्यहोराको नेपाल पुलिसको पेन्सनपट्टा हराएकाले फेला पार्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : सेतु कर्केनी
ठेगाना : कलङ्की, काठमाडौं
TS No: 3005
MO. NO: 9846818994



### मोटरसाइकल हराएको सूचना

मिति २०७९/०७/०२ गते निम्न विवरणको Pulsar 220 F ABS 2022 Model को मोटरसाइकल गौशला, बिजयचोकबाट करिब रातको ९ बजेको समयमा हराईएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीको नाम : सुर्य बहादुर बम
बाइक नं. : बा.प्र ०२-०३७प-७१८४
च्यासिस नं.:MD2A13EX8MCJ97538
इन्जिन नं. : DKXCMJ31913
ठेगाना : का.जि.का.म.न.पा.९, बिजयचोक
मो. : ९८४३५००९४२



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STRIKEFORCE SECURITY SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०६/२६ | LT. No.273357 | चलानी नं. ६०१८९७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1500 | ४२,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २० देखि २२ गते (6 to 8th Nov. 2022) सम्म हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४७७/०६०/०६१
Jupiter Overseas Concern Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : NATIONAL AQUACULTURE GROUP
पुर्व स्वीकृति मिति २०७९/०७/०३ | LT. No. 274120 | चलानी नं. ६०१८९८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 20 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक १३ गते (30th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

DYNAMIC STAFFING SOLUTION NEPAL PVT. LTD.
श्रम ईजाजत नं. ८९६/०६७/६८
Samakhusi, Kathmandu, Nepal, Ph No.: +977-01-4357828, 4359518
P.0. Box: 5354, Town Planning, Web:info@dssnepal.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR INFRASTRUCTURE CO.
पूर्व स्वीकृति मिति २०७९/०३/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/०३ | LT. No.265198 | चलानी नं.६०१८११८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 8 | 0 | 1800 | ६५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 2 | 0 | 1000 | ३६,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015542013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraoverseas.com.np



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JASSIM PALACE BUILDING MATERIAL
पूर्व स्वीकृति मिति : २०७९/०७/०३ | LT. No. 274164 | चलानी नं. ६०१८९७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 1 | 150 | ५२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 120 | ४२,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

K.B. International Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ८१४/०६५/०६६
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMJAD AL-HOKAIL GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०७८/०९/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/०३ | LT. No.254535 | चलानी नं. ६०१७१२०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 10 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

कम्पनी : KAN CONSTRUCTION COMPANY FOR CEMENT PRODUCTS
पूर्व स्वीकृति मिति २०७९/०७/०२ | LT. No.273554 | चलानी नं. ६०१८९७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH ADEL ABDULLAH AL RABIE GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति २०७९/०७/०२ | LT. No.273684 | चलानी नं. ६०१८९७६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक १५ गते (1st Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Job Placement Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४८९/०६१/०६२
Sinamangal Marga–09,Kathmandu, Nepal. Tel:+977-1-4110556, 5902348
E-mail: info@jplacement.com, dh.jobpspl@gmail.com, Website: www.jplacement.com

# प्रभाव दैनिक

शुक्रबार, ४ कात्तिक २०७९ (Friday, October 21, 2022)






## प्रसाद-२ मा केकी

फिल्म 'प्रसाद २' को अभिनेत्रीको रूपमा केकी अधिकारी फाइनल भएकी छन् । निर्माण युनिटले मुख्य भुमिकाको लागि केकीलाई अनुबन्धित गरेको हो । अभिनेत्री नम्रता श्रेष्ठको स्थानमा केही फाइनल भएको निर्माण युनिटले जनाएको छ । केकीलाई भित्रिएसँगै फिल्मको काम पनि अव अगाडि बढ्ने भएको छ । अभिनेता विपिन कार्की र निर्माण युनिटका लफडाको कारण केही अगाडि फिल्मको छायांकन रोकिएको थियो । त्यसपछि नम्रताले नभ्याउने भन्दै फिल्म छोडेकी थिइन् । सोही कारण फिल्मको छायांकन अगाडि बढ्न सकेको थिएन ।





# 'स्वास्थ्यले साथ दिँदासम्म अभिनय गरिरहन्छु'

■ प्रभाव संवाददाता

**काठमाडौं–** हास्यकलाकार एवम् अभिनेता मदनकृष्ण श्रेष्ठले आफ्नो स्वास्थ्यले साथ दिएसम्म अभिनय गरिरहने बताएका छन् ।

उनी अभिनित फिल्म 'महापुरूष' बारे जानकारी दिन हालै आयोजित पत्रकार सम्मेलनमा श्रेष्ठले अभिनय र आफ्नो स्वास्थ्यका विषयमा कुराकानी गरे । 'मलाई अभिनय गर्न मन लाग्छ । तर स्वास्थ्यले कहिलेकाहीँ साथ दिँदैन । तर पनि म आफ्नो शरीरलाई जर्वजस्ती नै काममा व्यस्त बनाउँछु', अभिनेता श्रेष्ठले भने । महापुरुष नेपाली चलचित्र भाइटिकाको भोलिपल्ट प्रदर्शन हुने तयारीमा छ ।


उनी पछिल्लो समय आफ्नो अभिनय र गायनमा सक्रियता घटेको स्वीकार्छन् । यद्यपि महसञ्चारबाट बनेका भिडियो सामग्रीमा सकेको समय काम गरिरहेका छन् । 'बाहिर काम गर्न केही असहज भने हुन्छ, महसञ्चारमा भने सुविधाअनुसार काम गर्ने गरेको छु । यो फिल्ममा हाम्रै टेलिशृफ्लाबाट निर्देशनको सुरुआत गर्नुभएका प्रदीप भट्टराई निर्देशक भएकाले काम गरेको हुँ', अभिनेता श्रेष्ठले भने ।

लेखकसँगै निर्देशकसमेत रहेका भट्टराईले अभिनेता श्रेष्ठको स्वास्थ्यलाई ख्यालमा राख्दै दृश्य तयार गरिएको जानकारी दिए । 'काठमाडौँमै छायांकन हुने भएकाले उहाँको सुविधाअनुसार अभिनय गराएको हुँ । मदन दाइ र हरि दाइ मेरा लागि स्कुल हुनुहुन्छ । उहाँहरूलाई ठूलो पर्दामा दोस्रोपटक निर्देशक गर्न पाउँदा खुसी लागेको छ', निर्देशक भट्टराईले भने ।

उनीहरूले यस अगाडि 'शत्रु गते' मा काम गरेका थिए । पत्रकार सम्मेलनमा हास्यकलाकार एवम् अभिनेता हरिवंश आचार्यले अभिनेता श्रेष्ठको इच्छाशक्तिको चर्चा गरे । 'मदन दाइलाई पर्दामा सँगै पाउँदा छुट्टै ऊर्जा प्राप्त हुन्छ । यसअगाडिका फिल्महरूझैँ यसमा पनि उहाँ जोडिँदा धन्य भएको छु', अभिनेता आचार्यले भने । फिल्ममा मदनकृष्ण र हरिवंशसँगै गौरी मल्ल, राजाराम पौडेल, रवीन्द्रसिंह बानियाँ, अरुण क्षेत्री, अञ्जना बराइलीलगायतका कलाकारले अभिनय गरेका छन् ।

# पत्रकार दाहालको 'काला बादलमा उज्याला पाइला'

■ प्रभाव संवाददाता




**काठमाडौं–** वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालको दशौँ कृति 'काला बादलमा उज्याला पाइला' सार्वजनिक भएको छ । दाहालको कविता संग्रह 'काला बादलमा उज्याला पाइला' शिखा बुक्सले प्रकाशन गरेको हो । पुस्तक सार्वजनिक गर्नुहुँदै पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता नरहरि आचार्यले दाहालको नेतृत्वमा सञ्चालन भएको विश्लेषणसहितको रेडियो कार्यक्रम घटना र विचारबाट आफू प्रभावित भएको बताए ।

दाहालले सञ्चालन गरेको रेडियो नेपालको कार्यक्रम घटना र विचारबाट नै उनको बौद्धिकता स्पष्ट हुने उल्लेख गर्दै नेता आचार्यले कृति पनि खँदिलो रहेको बताउनुभयो । दाहालले पुस्तक प्रकाशन गर्नु अघिदेखि नै उनको व्यक्तित्व नै आफूले अध्ययन गर्दै आएको पूर्वमन्त्री आचार्यले सुनाए ।

संयुक्तसमेत कविता संग्रहका रूपमा चौथो कृति ल्याएका साहित्यकार दाहालले मनमा केही कुराले प्रभाव पार्ने बित्तिकै कविता लेख्ने गरेको बताए । लेखुँ भनेर योजनाबद्ध रूपमा आफूले कविता नलेख्ने गरेको उनको भनाइ थियो । उनले भने, 'कोरोना महामारी बढेपछि सरकारले सबै व्यवस्था नागरिकले नै गर भन्यो, त्यो देखेर मनमा आएका विषयलाई कवितामा उतारेको हुँ, त्यसअघिको एउटा कवितामात्र कृतिमा समावेश गरिएको छ ।'

राजनीतिबाट पराजित भएर आफू लेखन नआएको दाहालले बताए । पहिलेखि नै लेख्दै आएकाले त्यसलाई निरन्तरता दिएको उनले जानकारी गराए । ११औँ कृतिका रूपमा आफूले उपन्यास लेखिरहेको दाहालले बताए । उनको यसअघि शान्ता उपन्यास प्रकाशित भइसकेको छ ।

कार्यक्रममा पूर्वसांसद एवं लेखक डा. शोभाकर पराजुलीले दाहालका कृति गुणस्तरीय हुने गरेको बताए । प्रा.डा. कुमार कोइरालाले दाहालका कविता पढेर फेरि आस्थाका लागि आन्दोलन हुन्छ कि हुन्न भन्ने लागेको सुनाए । कुनै पनि दल सिद्धान्तमा नचल्दा यस्तो अवस्था आएकाले त्यसलाई दाहालले कवितामा उतारेको उनको भनाइ थियो । कवि कलानिधि दाहालले पूर्वराजा महेन्द्रले २०१७ सालमा पहिलो जननिर्वाचित बीपी कोइरालालाई जेलमा राख्दा नेपाली साहित्यले दर्जनौँ कृति पाएजस्तै दाहाललाई राजनीतिमा सक्रिय हुन नदिनेका कारण पनि साहित्यिक क्षेत्रमा गुणस्तरीय कृति आएको बताए ।

कविता कृतिमाथि समीक्षा गर्नुहुँदै प्राडा नारायण चालिसे, प्राडा देवी नेपाल र सुमन घिमिरेले हृदयबाट जन्मिएका मानवीय संवेग छुने कविताले पाठकलाई आकर्षित गर्ने बताएका थिए । दाहालका कवितामा धेरै भने स्वच्छन्दतावादी चेतको रहेको उनीहरूको भनाइ थियो ।

# चाडपर्वमा चलचित्रको सुखद् प्रदर्शन

**काठमाडौं (प्रस)–** चाडपर्वमा फिल्मले राम्रो व्यापार गर्ने देखिएपछि निर्माता तथा निर्देशकले प्रदर्शन तोक्ने गरेका छन् । गएको दसैं लक्षित फिल्म 'प्रेम गीत ३' र 'दुई नम्बरी' ले दर्शकको राम्रो साथ पायो । यसअगाडीको दसैं तिहारमा प्रदर्शन भएका फिल्मले राम्रो व्यापार गरेको वितरक करण श्रेष्ठ बताउँछन् ।

'दर्शकहरू चाडपर्वको माहोलमा रहने हुँदा फिल्मले राम्रो व्यापार गरिरहेको पाइन्छ । यसैकारण पनि चाडपर्वमा प्रदर्शनको लागि डेट पाउन मुस्किल हुनेगरेको छ', वितरक श्रेष्ठले भने । तिहारलाई लक्षित गर्दै चार फिल्म प्रदर्शन हुदैँछन् । कात्तिक ४ मा 'के घर के डेरा' र 'नालापानी', कात्तिक ११ मा 'महापुरूष' र कात्तिक १८ मा 'लाखे' ।

अभिनेता दयाहाङ राईले आफू अभिनित फिल्म 'के घर के डेरा' ले दुवैतर्फको कथा भन्ने जानकारी दिए । उनी भन्छन्, 'डेरामा बस्ने मात्र नभइ घर हुनेको पनि छुटै पीडा हुन्छ । हामीले मध्यमार्गी भएर कथा देखाउने कोसिस गरेका छौँ । मलाई भने डेराको समयमा फर्कायो ।' फिल्ममा अभिनेता राईसँगै विपीन कार्की, सुरक्षा पन्त, वर्षा राउत, रवीन्द्र झा लगायतका कलाकारको अभिनय रहेको छ ।

सन् १८१४ मा देहरादुनस्थित नालापानीगढीमा भएको अंग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गर्नुभएका वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाइँलाई आधारित 'नालापानी' वर्षौंको मेहनतले तयार गरिएको अभिनेता अर्जुनजंग शाहीले बताए । यसमा अभिनेता शाहीसँगै देशभक्त खनाल, सन्तोष पन्त, मनोज शाक्य, विशाल पहारी, विजय विष्फोट, पूजना प्रधान, गीता अधिकारी, सहिना भट्टराई, गीत विष्ट, युगजंग कार्की लगायतको अभिनय छ । फिल्मलाई रिमेश अधिकारीले निर्माण तथा निर्देशन गरेका हुन् । कात्तिक ११ गतेबाट प्रदर्शन हुने 'महापुरूष' मा अभिभावकको एक्लोपनको कथा देखाइएको निर्देशक तथा लेखक प्रदीप भट्टराईले जानकारी दिए ।

आफ्नो व्यस्त जीवनमा रमाइरहेको सन्तान र अभिभावकबीचको सम्बन्ध र चाहनालाई सरल रूपमा प्रस्तुत गरिएको निर्देशक भट्टराईले बताए । फिल्ममा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, राजाराम पौडेल, गौरी मल्ल, रवीन्द्रसिंह बानियाँ, अरुण क्षेत्री, अञ्जना बराइली लगायतका कलाकारले अभिनय गरेका छन् । निर्देशक भट्टराईले यसअगाडि जात्रा, शत्रु गते र जात्रै जात्राको निर्देशन गरिसकेका छन् ।

द्वन्द्वप्रधान फिल्म 'लाखे' मा सौगात मल्ल, अनुप विक्रम शाही, अर्पण थापा, आर्यन अधिकारी, वर्षा राउत, रोहित रुम्बा, संयोग राणा, सुशील सिटौला, प्रशान्त ताम्राकारलगायतका कलाकारको अभिनय रहेको छ । 'यसको मेकिङ निकै मेहनत गरिएको छ । विदेशी फिल्म झैँ द्वन्द्वमा मेहनत गरिएको छ', अभिनेता ताम्राकारले भने । सिजन अर्यालको कथा र निर्माण रहेको फिल्मलाई सम्राट बस्नेतले निर्देशन गरेका छन् ।

## रंगशाला

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता

# 'खेलाडीको योगदान महत्त्वपूर्ण'

■ प्रभाव संवाददाता



**पोखरा–** प्रधानमन्त्री शेरबहादुर देउवाले सीमित साधनस्रोतका बाबजुद खेलका माध्यमबाट नेपाली खेलाडीले पुर्‍याएको योगदान महत्त्वपूर्ण रहेको बताएका छन् ।

नवौँ राष्ट्रिय खेलकुदको पोखरामा आयोजित समापन समारोहमा प्रधानमन्त्री देउवाले नेपाली खेलाडीले राष्ट्रिय एवं अन्तर्राष्ट्रियरूपमा उत्कृष्ट प्रदर्शन गरी देशको गरिमालाई उँचो बनाएको बताए ।

राज्यमा खेलको विशिष्ट महत्त्व रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले यसको विकासका लागि राज्यको लगानीसँगै निजी क्षेत्रको लगानीलाई पनि प्रोत्साहित गरिनुपर्नेमा जोड दिए । स्थानीय एवं प्रदेशस्तरमा खेलको विकासका लागि पूर्वाधारलगायतलाई प्राथमिकता दिनुपर्ने उनले बताए ।

नवौँ राष्ट्रिय खेलकुदका सन्दर्भमा बनेका तथा स्तरोन्नति गरिएका पूर्वाधारको संरक्षण गर्नुपर्नेमा उनले जोड दिए । नवौँ राष्ट्रिय खेलकुदलाई सम्पन्न गर्न खट्ने युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्लगायतलाई प्रधानमन्त्रीले धन्यवाद व्यक्त गरे । नवौँ राष्ट्रिय खेलकुदका क्रममा ज्यान गुमाएका प्याराग्लाइडिङका खेलाडी निमिस थापाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै प्रधानमन्त्रीले शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरे । कार्यक्रममा युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले नवौँ राष्ट्रिय खेलकुद नेपाली खेल क्षेत्रका लागि महत्त्वपूर्ण बनेको बताए । गण्डकी प्रदेशमा सम्पन्न यस प्रतियोगिताले खेल क्षेत्रमा नयाँनयाँ प्रतिभासमेत स्थापित गरेको उल्लेख गर्दै उनले गण्डकी प्रदेशको खेलको सम्भावनालाई थप उजागर गरेको बताए ।

खेल क्षेत्रको विकास सरकारको प्राथमिकतामा रहेको बताउँदै उनले आगामी दिनमा यस क्षेत्रलाई अझै व्यवस्थित गर्दै लगिने विश्वास व्यक्त गरे । राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइरालाले नवौँ राष्ट्रिय खेलकुदले गण्डकीलाई खेलको केन्द्रका रूपमा स्थापित गरेको बताए । खेललाई सम्पन्न गराउन योगदान गर्ने सबैप्रति उनले धन्यवाद व्यक्त गरे ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले नवौँ राष्ट्रिय खेलकुदअन्तर्गतका खेल भव्यताका साथ सम्पन्न भएको बताए । राष्ट्रिय खेलकुद परिषद्को ११५औँ बोर्ड बैठकले आगामी १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णालीमा गर्ने निर्णय गरेको उनले जानकारी दिए ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गण्डकी प्रदेशको राजधानीमा सम्पन्न खेलले यहाँको खेलका सम्भावनालाई उजागर गरेको बताए । खेलकुदको समग्र विकासमा राज्यको ध्यान पुग्नुपर्नेमा उनले जोड दिए ।

### दशौंको झण्डा कर्णालीलाई

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाको झण्डा कर्णाली प्रदेशलाई हस्तान्तरण गरिएको छ । बिहीबार पोखरा रंगशालामा नवौं राष्ट्रिय खेलकुदको समापन समारोह कार्यक्रममा प्रमुख अतिथी शेरबहादुर देउवाले दशौं राष्ट्रिय खेलकुदको झण्डा कर्णालीलाई हस्तान्तरण गरेका हुन् ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का संरक्षक तथा प्रधानमनन्त्री देउवाले प्रतियोगिता आयोजनाको झण्डा कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री यज्ञबहादुर बिसीलाई हस्तान्तरण गरे । राष्ट्रिय खेलकुद परिषद् (राखेप)को बोर्ड बैठकले दशौं राष्ट्रिय खेलकुद कर्णाली प्रदेशमा २०८१ साल मंसिर २ देखि ९ गतेसम्म आयोजना गर्ने निर्णय गरेको छ ।

### डुवानालाई सर्वाधिक पदक

प्रतियोगितामा पौडीकी डुवाना लामा सर्वाधिक पदक जित्ने खेलाडी बनेकी छिन् । पोखरामा बिहीबार सम्पन्न प्रतियोगितामा आर्मी क्लबकी खेलाडी डुवाना सर्वाधिक पदक जित्ने खेलाडी बनेकी हुन् । डुवानाले नवौंमा ९ स्वर्ण पदक जितिन् । यस्तै जिम्न्यास्टिकका खेलाडी राजु राई दोस्रो स्थानमा रहे । राजुले ७ स्वर्ण पदक जिते ।

पौडीका नासिर याह्या हुसेन तेस्रो स्थानमा रहे । आर्मीका उनले ६ स्वर्ण पदक जिते । आर्मीकै पौडी खेलाडी गौरिका सिंहले ५ स्वर्ण पदक जितिन् । यस्तै एनआरएनएकी पौडी खेलाडी एस्ली सापकोटाले पनि ५ स्वर्ण हात पारिन् । त्यस्तै आर्मी क्लबकी एथलेटिक्स खेलाडी जयरानी थारुले पनि ५ स्वर्ण पदक जितिन् ।

# पुरुष भलिबलमा एपिएफलाई स्वर्ण

**कास्की (प्रस)–** पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष भलिबलको स्वर्ण सशस्त्र प्रहरीको एपिएफ क्लबले जितेको छ । पोखरा रंगशालास्थित भलिबल कोर्टमा बिहीबार भएको फाइनलमा नेपाली सेनाको त्रिभुवन आर्मीलाई सोझो सेटमा हराउँदै एपिएफले स्वर्ण जितेको हो ।

खेलमा एपिएफले पहिलो सेट २५-२१ ले आफ्नो पक्षमा पारेकामा दोस्रो सेट प्रतिस्पर्धात्मक हुँदाहुँदै एपिएफले २७-२५ ले बाजी मार्‍यो । तेस्रो सेट जितेर खेल लम्ब्याउने आर्मीको प्रयास सफल हुन सकेन । अन्ततः एपिएफले तेस्रो सेट पनि २६-२४ जित्दा आर्मीले रजतमा चित्त बुझायो ।

एपिएफका प्रशिक्षक पुष्प मल्लले आर्मीको रिसिभसमेत कमजोर हुँदा अङ्क बटुल्न सफल भएको बताए । उनले भने, 'हरेकजसो प्रतियोगितामा पुलिस वा आर्मीसँग नै फाइनलमा भिड्थ्यौँ । आर्मीको खेल नराम्रो भन्न मिल्दैन । हाम्रो ब्लक र डिफेन्स बलियो हुँदा यसपल्ट आर्मीको दबदबालाई तोडेर जित हात पार्न सफल भयौँ ।'

आर्मीले सेमिफाइनलमा अर्को विभागीय टिम पुलिसलाई पराजित गर्दै फाइनल प्रवेश गरेको थियो । एपिएफले घरेलु टिम गण्डकी प्रदेशलाई सेमिफाइनलमा हराएको थियो । एपिएफले दोस्रोपल्ट पुरुष भलिबलमा स्वर्ण जितेको हो ।

यसअघि छैटौं राष्ट्रिय खेलकुदमा एपिएफले स्वर्ण जितेको थियो । नवौँमा महिला भलिबलतर्फ पनि बुधबार म्याग्दीको बेनीमा एपिएफले पुलिसलाई हराएर स्वर्ण जितेको थियो ।

# जसले जिते लगातार पाँच स्वर्ण...



**पोखरा (प्रस)–** आइटिएफ तेक्वान्दोका लीलाधर बस्नेतका लागि नवौँ राष्ट्रिय खेलकुद पनि सुखद् रह्यो । विभागीय टिम नेपाल आर्मीका लागि खेलेका उनले दुई स्वर्ण पदक जिते । यहाँ भएको प्रतियोगितामा ६५-७० किलो तौल समूहको एकल स्पाइरिङ र टिम स्पाइरिङबाट बस्नेतले स्वर्ण हात पारेका हुन् ।

विसं २०६४ देखि खेल जीवन सुरु गरेका बस्नेतले विसं २०७३ मा भएको सातौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा पहिलो स्वर्ण जितेका थिए । त्यस यताका दुई राष्ट्रिय खेलकुदमा पनि उनले आफ्नो अपराजित यात्रालाई कायमै राखे । नेपालगञ्जमा भएको आठौँमा पनि बस्नेतले दुई स्वर्ण पदक हाँसिल गरेका थिए । दाङ घर भएका उनी १८ वर्षदेखि नेपाल आर्मीमा आबद्ध छन् । ३८ वर्षीय उनले यसअघि आइटिएफको साउथ एसियन च्याम्पियनसीपमा पनि दुई स्वर्ण जितेका थिए । अंग्रेजी वर्ष २०१२ र २०१८ मा भएको उक्त अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक पाएको बस्नेतले सुनाए ।

सकारात्मक ऊर्जा, खेलप्रतिको समर्पण र देशका लागि खेल्ने इच्छाशक्तिका कारण खेलमा आफू पछाडि फर्कन नपरेको बस्नेतले बताए । 'लक्ष्य त अन्तर्राष्ट्रिय पदकसम्मको हुन्छ, टिमले पनि त्यसरी नै मेहनत गरेको हुन्छ', उनले भने, 'राष्ट्रिय प्रतियोगिता जित्नु पनि हाम्रा लागि लागि महत्त्वपूर्ण छ, खेल जीवनमा यसले ठूलो अर्थ राख्छ ।' ऊर्जा, उमेर र स्वास्थ्यले साथ दिँदासम्म खेलमै रहने बस्नेतले बताए । नेपाल आर्मी जस्तो प्रतिष्ठित टिमबाट राष्ट्रिय खेलकुदमा भाग लिन पाउँदा गौरवको अनुभूति हुने गरेको उनले सुनाए । उनीसहितका खेलाडीको उत्कृष्ट प्रदर्शनकै बलमा आर्मी नवौँ राष्ट्रिय खेलकुदमा पनि च्याम्पियन बन्न सफल रह्यो ।

आर्मीकै अर्का खेलाडी भीमबहादुर तामाङले अहिलेकै प्रतियोगितामा चार स्वर्ण हात पारेका थिए । एकल प्याटर्न, टिम प्याटर्न, एकल स्पाइरिङ र टिम स्पाइरिङमा उनले आर्मीलाई स्वर्ण दिलाएका हुन् । एकल स्पाइरिङमा ७६-८० किलो तौल समूहमा तामाङले प्रतिस्पर्धा गरेका थिए । आर्मीकी निकिता धिमालले पनि अहिलेको प्रतियोगितामा दुई स्वर्ण पदक जितिन् । टिममा बस्नेत, तामाङ र धिमालजस्तै सक्षम तथा प्रतिभाशाली खेलाडी भएकै कारण आर्मी लगातार आइटिएफ तेक्वान्दोमा च्याम्पियन बन्दै आएको छ । सातौँ राष्ट्रिय खेलकुदमा १७ र आठौँमा १६ स्वर्ण पदकसहित आर्मी नै पहिलो बनेको थियो ।

बिहीबार सकिएको नवौँ राष्ट्रिय खेलकुदअन्तर्गत आइटिएफ तेक्वान्दोमा छ स्वर्ण, तीन रजत र तीन कांस्य जितेर बागमती प्रदेशले दोस्रो स्थान बनायो । तेस्रो स्थान हासिल गरेको गण्डकी प्रदेशले पाँच स्वर्ण, आठ रजत र दुई कांस्य पदक जित्यो । प्रदेश नं तीन स्वर्ण, दुई रजत र पाँच कांस्य पदक हात पार्‍यो । लुम्बिनी प्रदेशले एक स्वर्ण, तीन रजत र आठ कांस्य पायो । सशत्र प्रहरी बलले एक स्वर्ण, तीन रजत र दुई कास्यमा चित्त बुझायो । कर्णाली प्रदेशले दुई रजत र दुई कास्य पदक हात पार्‍यो । नेपालले पुलिसले चार कास्य पदक जित्दा मधेश प्रदेशले एउटा मात्र कांस्य पदकमा सीमित भयो । सुदूरपश्चिम प्रदेशले कुनै पनि पदक जित्न सकेन । आइटिएफ तेक्वान्दोमा सात प्रदेश र तीन विभागीय टिमका दुई सय ५० खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

# बेलायती प्रधानमन्त्री ट्रसले दिइन् राजीनामा



**लण्डन-** बेलायती प्रधानमन्त्री लिज ट्रसले पदभार ग्रहण गरेको छ हप्तापछि नाटकीयरूपमा राजीनामा दिने घोषणा गरेकी छन् । कर कटौतीको उनको दक्षिणपन्थी प्लेटफर्म विघटित भएपछि र सत्तारूढ कन्जरभेटिभ पार्टीका सदस्यहरूमध्ये धेरै सांसदहरूले विद्रोह गरेपछि ट्रसले राजीनामा घोषणा गर्नुपरेको हो ।

डाउनिङ स्ट्रिटमा बोल्दै ट्रसले आफूले प्रधानमन्त्रीबाट राजीनामा दिएको तर टोरी नेताको रूपमा काम गर्न उत्तराधिकारी चयन नगरेसम्म आफू प्रधानमन्त्रीको रूपमा रहने बताएकी थिइन् ।

प्रभावशाली सांसद ग्राहम ब्राडीले खेल समाप्त भएको बताएपछि उनले भनिन्, 'हामी सहमत भएका छौं कि अर्को हप्ताभित्र नेतृत्वको चुनाव सम्पन्न हुनेछ । यसले हामी हाम्रो वित्तीय योजना पूरा गर्ने बाटोमा रहन र हाम्रो देशको आर्थिक स्थिरता र राष्ट्रिय सुरक्षा कायम राख्न सुनिश्चित गर्दछ ।' उनले थपिन्, 'उत्तराधिकारी नछानिएसम्म म प्रधानमन्त्रीकै रूपमा रहनेछु ।'

लेबर पार्टीका नेता केइर स्टार्मरले विपक्षी दलले ट्रसको छोटो, संकटग्रस्त कार्यकालपछि अब आम निर्वाचनको माग गरेका छन् । हाउस अफ कमन्समा बुधबार अबेर राति भएको एक महत्त्वपूर्ण मतदानमा एक प्रमुख मन्त्रीले राजीनामा दिएको र टोरीका धेरै सांसदले विद्रोह गरेपछि ट्रस प्रधानमन्त्रीका रूपमा राजीनामा घोषणा गर्न बाध्य भएकी हुन् । बिहीबार बिहानसम्म एक दर्जनभन्दा बढी कन्जरभेटिभ सांसदहरूले सार्वजनिकरूपमा ट्रसलाई राजीनामा दिन आग्रह गरेका थिए ।

उनको कर कटौतीको योजनाले पहिले नै गम्भीर लागत र जीवनयापन संकटको समयमा बजारमा मन्दी निम्त्याएको छ । धेरैले ब्राडीलाई हटाउनलाई माग गर्दै पत्रहरू बुझाएको रिपोर्ट गरिएको थियो । यद्यपि, पार्टी नियमहरूले १२ महिनाका लागि अर्को नेतृत्व अभियानलाई निषेध गरेको थियो ।

'प्रधानमन्त्रीले हिजोको दिन निकै कठिन रहेको स्वीकार्नुभएको छ र उहाँले जनताले सरकारलाई राजनीतिमा कम र आफ्ना प्राथमिकता पूरा गर्न बढी ध्यान केन्द्रित गरेको हेर्न चाहेको महसुस गर्नुभएको छ,' उनका सरकारी प्रवक्ताले पत्रकारहरूसँग भने । प्रवक्ताको यो भनाइ आएको दुई घण्टा नबित्दै प्रधानमन्त्री ट्रसले राजीनामाको घोषणा गरेकी छन् । *रासस/एएफपी*

## मलेसियामा मंसिर ३ गते आम निर्वाचन

**क्वालालम्पुर-** मलेसियामा आगामी मंसिर ३ गते आम निर्वाचन हुने भएको छ । मलेसियाली निर्वाचन आयोगले बिहीबार उक्त जानकारी दिएको हो । उम्मेदवारको मनोनयन यही कात्तिक २० गते हुनेछ भने आधिकारिक चुनाव प्रचारका लागि दुई हप्ताको समय दिइएको निर्वाचन आयोगका अध्यक्ष अब्दुल घानी सल्लेहले पत्रकारलाई बताएका छन् ।

कूल दुई करोड ११ लाख ७३ हजार ६३८ मतदातालाई सेवा दिन तीन लाख ६३ हजार ५१५ जना निर्वाचन अधिकृत खटाइनेछ । देशभर आठ हजार ९५८ मतदान केन्द्र सञ्चालन गरिनेछ । *रासस/सिन्हवा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJALIS AL BAYAN APARTMENTS FOR RESIDENTIAL UNITS

पूर्व स्वीकृति मिति : २०७९/०६/२८ LT. No.273700 चलानी नं. ६०१८९७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee And Tea Maker And More | 1 | 0 | 1600 | ५६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hotel Room Service | 3 | 0 | 1400 | ४९,५७० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : GEMINI COFFEE FOUNDATION TO SERVE DRINKS

पूर्व स्वीकृति मिति : २०७९/०६/२८ LT. No.273699 चलानी नं. ६०१८९७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 3 | 0 | 1600 | ५६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ११ देखि १६ गते (28 Oct to 2nd Nov. 2022) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.** ISHAN OVERSEAS श्रम इजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com


## Mandandeupur Municipality
## Office of Municipal Executive

Mahadevsthan, Kavre
Bagmati Province, Nepal

## INVITATION FOR ONLINE BIDS

*(Date of Second Publication: 21st Oct, 2022)*

Mandandeupur Municipality has allocated funds to cover eligible payment under the Contract given below. Bidding is open to all eligible Nepalese Bidders.

| S. N. | Contract Identification No. | Bid Security Amount ( NRs.) | Cost of Bid Document (NRs.) | Estimated Amount NRs. (Without VAT and Contingencies) | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1. | 04/Goods/Medicine/NCB/MDM/079/80 (Supply and Delivery of Medicine for Mandandeupur Municipality) | 88000.00 | 3000.00 | 3500000.16 | 90 days |

1. Mandandeupur Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Medicine in mentioned contract.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Mandandeupur Municipality, Mahadevsthan, Kavre, Nepal or may visit PPMO website *www.bolpatra.gov.np/egp.*
3. Bidding document is available online and can be downloaded from e-GP system *http://www.bolpatra.gov.np/egp.* Interested bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs. in the following specified bank.
   **Name of the bank: Global IME Bank, Kunta**
   **Name of the office: Mandandeupur Municipality, Mahadevsthan Kavre.**
   **Project Rajaswa Account No.: 22004010000010 (For the cost of Bid Document)**
   **Office Deposit Account no.: 22004010000008 (For the cash deposit of Bid Security Amount)**
4. Interested bidders should submit online bids through e-procurement portal *http://www.bolpatra.gov.np/egp* only on or before 22th Nov 2022, 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 and User manuals issued by PPMO which are available in e-GP system. Online bids shall be opened in the presence of Bidders representatives who choose to attend on 22th Nov 2022, 13:00 hours at the office of Mandandeupur Municipality, Mahadevsthan, Kavre , Nepal. Online bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security amount (mentioned above), which shall be valid for minimum 30 days beyond the bid validity period. The scanned copy of bid security should be uploaded in the e-GP system during bid submission.
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Other related rules and regulations are as per Public Procurement Act – 2063 and Public Procurement Regulation – 2064.

**Chief administrative officer**


## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: AYADI MAINTENANCE AND CLEANING COMPANY, ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७८/१२/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/०३ LT. No.260017 चलानी नं. ६०१७६८६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 12 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950, Email: nocnepal@nassers.org

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OBAID AL QUBAISI TRANSPORTING & GENERAL CONRTACTING EST

पूर्व स्वीकृति मिति २०७९/०७/०३ LT. No.274138 चलानी नं. ६०१८९७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer/Demolition Labourer | 130 | 0 | 800+700 | २८,६८०+२४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Tile Layer/Carpenter Assistant/Reinforcing Fitter Assistant/Construction Carpenter | 70 | 0 | 1000+650 | ३५,८५०+२३,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ ।

नोट: ADNOC Oil & Gas Plant Company Offshore मा काम गर्नुपर्ने, अंग्रेजी र हिन्दी बोल्न सक्ने हुनुपर्ने, उमेर-२२ देखि ३५ वर्ष सम्म हुनुपर्ने, उचाई-५'५'' हुनुपर्ने, Gas Plant मा काम गरेकालाई प्राथमिकता दिइने ।

साउदीको लागि विभिन्न Restaurant, Bakery मा पनि भाग भई आएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd) श्रम ईजाजत नं. १५५२/०७९/०८०

Tinkune, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085
Mobile: 9851164801, 9851019427, Email: destinyhrgrp2079@gmail.com

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-MOROUJ AGRICULTURE COMAPANY

पूर्व स्वीकृति मिति २०७९/०७/०२ LT. No. 273989 चलानी नं. ६०१८९६७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 8 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,४१० | | | | | | | |

कम्पनी : CEMERLANG SEKURITI (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२४ LT. No. 272832 चलानी नं. ६०१८९६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 34 | 0 | 1500 | ४२,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ११ देखि १४ गते (28 to 31st Oct. 2022) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.** Govt. License 378/059/060

Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFKAR AL QIMAM CEMENT COMPANY

पूर्व स्वीकृति मिति: २०७९/०६/२६ LT. No.273613 चलानी नं. ६०१८९७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Filling Worker | 3 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FACTORY ASAB FOR MANUFACTURING

पूर्व स्वीकृति मिति: २०७९/०६/२६ LT. No.273614 चलानी नं. ६०१८९७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labour | 3 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ११ गते (28th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

**Overseas Employment (P.) Ltd.**

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९३,१०० | प्रति तोला – ९२,६०० | प्रति तोला – ११७० |




फ्लोरिकल्चर एसोसिएसन नेपालले बिहीबार जावलाखेल खेल मैदानमा आयोजना गरेको १५औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी २०७९ मा राखिएका फूल अवलोकन गर्दै सर्वसाधारण। *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

## 'अर्थतन्त्रमा परेको चापको समाधान गर्न सबै मिलौं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको आर्थिक अवस्था, बैंकको ब्याजदर र वित्तीय लागत न्यूनीकरणलगायतका विषयमा प्राप्त सुझाव कार्यान्वयनका सम्बन्धमा छलफल भएको छ। अर्थ मन्त्रालयमा बिहीबार विभिन्न सरोकारवालासँग सो बारे छलफल भएको हो। छलफलमा अर्थमन्त्री जनार्दन शर्माले पछिल्लो समय अर्थतन्त्रमा परेको दबाबलाई सबै मिलेर समाधान गर्नुपर्ने बताए।

'अर्थतन्त्रमा परेको चापलाई समाधान गर्न सबै मिलेर उपाय खोज्नुपर्छ,' अर्थमन्त्री शर्माले भने, 'एकले अर्कोलाई नमान्ने र मेरो मात्र ठिक कुरा हो भनेर जानु हुँदैन। त्यसो गरे झन् अप्ठ्यारो परिस्थिति सिर्जना हुन्छ।'

उनले निजी क्षेत्र, सरकार र अन्य सरोकारवाला सबै मिलेर मात्र समस्याको समाधान गर्न सकिनेमा जोड दिए।

निर्वाचनको पूर्वसन्ध्यामा मुलुक र अर्थतन्त्रका सन्दर्भमा कसैले पनि राजनीतिकरण गर्न नहुने भन्दै शर्माले बजेटले लिएको मुख्य लक्ष्य आन्तरिक उत्पादन बढाउँदै आयात प्रतिस्थापन गर्न वित्तीय क्षेत्रको कर्जा त्यसतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिए।

मन्त्री शर्माले निजी क्षेत्रले उठाएका सवालमा सरकार गम्भीर भएको भन्दै सरकारले अभिभावकीय भूमिका निर्वाह गर्ने



बताए। 'निजी क्षेत्र अर्थतन्त्रको हिस्सेदारी हो। यसलाई अलग गर्न मिल्दैन', उनले भने।

त्यस्तै उनले सुझाव समितिले दिएका सुझावहरूलाई सबैले ग्रहण गरेर अघि बढ्नुपर्ने पनि बताए। कतिपय सुधारका कुरा गर्नैपर्ने परिस्थिति भएको र त्यसलाई सुधार नगरिए बजेट कार्यान्वयनमै असर पर्ने भन्दै उनले त्यसमा सबैलाई गम्भीर हुन आग्रह गरे। छलफलमा नेपाल सरकारका मुख्यसचिव शंकरदास वैरागी, राष्ट्रिय योजना आयोगका सदस्य रामकुमार फुयाल, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको सहभागिता थियो।

त्यस्तै छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छा, नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष कमलेशकुमार अग्रवाल, नेपाल उद्योग परिसंघका प्रतिनिधिलगायत निजी क्षेत्रका विभिन्न संघ संस्थाका प्रतिनिधिको उपस्थिति थियो।

असोज ९ गते अर्थ मन्त्रालयका सहसचिव बाबुराम सुवेदीको संयोजकत्वमा मुलुकको आर्थिक अवस्था, वित्तीय मौद्रिक अवस्था, तरलता, बैंक व्याजदर र वित्तीय लागत न्यूनीकरण लगायतका विषयमा सुझाव दिन एक उच्चस्तरीय सुझाव समिति गठन भएको थियो। निजी क्षेत्र र विभिन्न सरोकारवालाको प्रतिनिधित्व रहेको सो समितिले असोज २३ गते १२ बुँदे सुझाव प्रतिवेदन बुझाएको थियो। सोही सुझावको कार्यान्वयनका सम्बन्धमा बिहीबार छलफल भएको मन्त्रालयले जनाएको छ।

## नेप्सेमा सामान्य गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** साताको अन्तिम दिन बिहीबार धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक झिनो अंकले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक एक दशमलव ३८ अंकले ओरालो लागेर एक हजार आठ सय ४४ दशमलव १४ मा सीमित भएको छ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव शून्य नौ अंकले उकालो लागेर तीन सय ६३ दशमलव शून्य पाँचमा पुगेको छ। कूल दुई सय २१ कम्पनीको १५ लाख ४६ हजार आठ सय ५७ कित्ता सेयर रु ५० करोड ७६ लाख ८९ हजार पाँच सय ६१ मूल्यमा खरिद बिक्री भए।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये तीन उपसमूहको सेयर मूल्यमा झिनो अंकको वृद्धि भएको छ। यस्तै, १० उपसमूहको सेयर मूल्यमा भने गिरावट भएको छ। कारोबारका आधारमा अभियान लघुवित्त शीर्ष स्थानमा छ।

सो कम्पनीको रु तीन करोड ६९ लाख ५२ हजार नौ सय एक बराबरको कारोबार भयो। गरिमा विकास बैंक रु दुई करोड ६७ लाख ५४ हजार तीन सय १६, एभरेष्ट बैंक रु दुई करोड ४९ लाख चार हजार सात सय ५३, नबिल बैंक रु दुई करोड ३७ लाख ८८ हजार दुई सय ७१ र एनआइसी एशिया बैंकको रु एक करोड ३३ लाख ८८ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार सयपत्री हाइड्रोपावर नौ दशमलव ९७, बिन्दवासिनी हाइड्रोपावर चार दशमलव ३७, विशाल बजार कम्पनी चार दशमलव शून्य चार, नारायणी डेभलपमेन्ट बैंक तीन दशमलव दशमलव ४० र रुरु जलविद्युत् परियोजनाका लगानीकर्ताले दुई दशमलव ७० प्रतिशतले कमाएका छन्।

त्यस्तै, सेञ्चुरी बैंकको ऋणपत्र सात दशमलव ७३, सामुदायिक लघुवित्त सात दशमलव ६७, अभियान लघुवित्त छ दशमलव ५९, हिमालयन पावर पार्टनर पाँच दशमलव ६१ र अप्पर हेवाखोला हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ५६ प्रतिशतले गुमाएका छन्।

## महँगियो डलर

**काठमाडौं (प्रस)–** पछिल्लो समय अमेरिकी डलरको मूल्य लगातार उकालो लाग्दै गएको छ। नेपाल राष्ट्र बैंकले तय गरेको विनिमय दर अनुसार एक अमेरिकी डलरको खरिददर एक सय ३२ रूपैयाँ ५४ पैँसा छ भने बिक्रीदर एक सय ३३ रूपैयाँ १४ पैसा छ।

केन्द्रीय बैंकले अघिल्लो दिन एक अमेरिकी डलरको खरिददर एक सय ३१ रूपैयाँ ४८ पैँसा र बिक्रीदर एक सय ३२ रूपैयाँ आठ पैसा तोकेको थियो।

## आधुनिक उपकरणले कृषिकार्य सहज

**कञ्चनपुर (प्रस)–** कञ्चनपुरको कृष्णपुर नगरपालिकाका कृतिमान डगौंरालाई पहिला खेतीपाती गर्दा धेरै समय र व्यतित गर्नुपर्थ्यो तर अहिले आधुनिक उपकरण आएपछि उनलाई सहज भएको छ।

'अहिले त मेसिनको सहायताले एक बिघा जग्गाको धान एक दिनमा काट्न सकिन्छ,' डगौंराले भने, 'कृषि कार्य गर्न आधुनिक उपकरण आएपछि पैसा र समयको बचत भएको छ।' परम्परागत हल गोरुबाट खेतीपाती गर्दै आउनुभएका उनले मजदूरको अभाव हुनाका साथै समय र मेहनत धेरै लाग्ने गरेको बताए। अहिले यहाँका किसानले खेतबारी जोताउन पावर टिलर, हाते ट्र्याक्टर, धान रोपाइँ गर्नेदेखि बाली भित्र्याउनसमेत कृषि उपकरणकै प्रयोग गर्न थालेका छन्। 'उतिबेला मजदूर खोजेर धान कटाउन महिनौं लाग्थ्यो अहिले त्यस्तो छैन।' डगौंराले विगत सम्झँदै भने, 'त्यो बेलाको कडा मेहनत हेर्दा त अहिले खेतीपाती गर्न निकै सहज भएको छ।'

उपकरण भएपछि शरीरलाई पनि थकान महसुस नहुने र एक घण्टामै धान गहुँ सबै काट्नसक्ने अर्का किसान रामलाल चौधरीले बताए। कृषि कार्यमा यन्त्रउपकरणको प्रयोगले उत्पादन पनि बढेको कृषि ज्ञान केन्द्रका कृषि अधिकृत हरिदत्त जोशीले बताए।

## उपत्यकामै सयपत्री फूलबाट राम्रो आम्दानी

■ अच्युत रेग्मी

**काठमाडौं–** काठमाडौँको नागार्जुनका कृषकले सयपत्री फूलको खेतीबाट राम्रो आम्दानी गर्न थालेका छन्। काठमाडौँको नागार्जुन नगरपालिका-६ पोखरीडाँडाका किसानले तिहारमा अत्यधिक प्रयोग हुने सयपत्री फूल बिक्रीबाट राम्रो आम्दानी गरेका हुन्।

बाँझो रहेको जग्गाको सदुपयोग गर्दै काठमाडौँको नागार्जुन-६ पोखरीडाँडाका कृषक ऋषि खत्रीले सयपत्री फूलको खेतीबाट वार्षिक रु एक लाखभन्दा बढी रकम आम्दानी गर्दै आएका छन्। विगत पाँच दशकदेखि फूलको व्यावसायिक खेती गर्दै आएका खत्रीले बाँझो जग्गाको सदुपयोग गर्दै वार्षिक एक लाखदेखि डेढ लाखसम्म आम्दानी गर्दै आएको बताए। उनले पोखरीडाँडाको २६ आना जग्गामा फूलखेती गर्दै आएका छन्।

खत्रीले पुर्खैदेखि नै घरमा सयपत्री फूलको खेती हुने गरेको बताए। 'विगत वर्षमा धेरै मात्रामा फूलको खेती गर्थ्यौं, अहिले जग्गा बिक्री वितरण हुँदा र खेती गर्ने व्यक्ति नहुँदा फूलको खेती घटेको छ', उनी भन्छन्। तिहार सुरु हुन केही दिन बाँकी रहे पनि फूल खोज्न भने व्यापारीहरू यतिखेर पोखरीडाँडा जाने गरेका छन्। सोही गाउँमा विगत १२ वर्षदेखि फूल व्यवसायी गर्दै आएकी कान्छी गिरी पनि यतिबेला फूल टिपेर बजारमा पठाउने



काममा जुटेका छन्। तिहार सुरु हुन केही दिन बाँकी छँदा नै बजारमा फूलको माग आएकाले फूल टिपेर बिक्री वितरण गर्न सुरु गरेको बताए। कान्छी गिरीले भने पोखरीडाँडाको एक रोपनी क्षेत्रफलमा फूलखेती गर्दै आएका छन्। उनले फूल बेचेर घरखर्च चलाउँदै आएको बताए। सोही गाउँमा मकै, कोदो, तरकारी उत्पादन हुने भए पनि त्यहाँका स्थानीयवासीले फूल व्यवसायलाई नै प्राथमिकता दिँदै आएका छन्। कान्छी गिरीले भने वार्षिक फूल बिक्रीबाट रु ३० हजारदेखि ५० हजार आम्दानी गर्दै आएको सुनाइन्।

'आफैं बजारमा लगेर बेच्न पाए राम्रो आम्दानी हुन्थ्यो, घरमा आएका व्यापारीलाई बेच्दा राम्रो भाउ पाइँदैन', उनी भन्छिन्। उनले एक ढ्वाङ (चारपाथीको टिन) को रु पाँच सयमा बिक्री वितरण गर्दै आएको सुनाइन्। बजारमा फूल पुऱ्याउन सके एक ढ्वाङको रु एक हजारदेखि रु एक हजार पाँच सयसम्म आम्दानी हुने उनको भनाइ छ। साउनमा बेर्ना सारेपछि तिहारमा ढकमक्क फूल्ने सयपत्री फूल यसपालि भने राम्रोसँग फुल्न पाएको छैन। एकातिर तिहार चाँडो पर्नु र अर्कातिर दसैँको समयमा भारी वर्षा हुँदा राम्रोसँग फूल फुल्न नपाएको किसान बताउँछन्।

यतिबेला नागार्जुन नगरपालिकाको इचंगु, भैरवनाथ, पोखरीडाँडा, हवलदार बस्ती, भीरकोट, रामकोट, थाप्लेलगायतका स्थानमा फूल ढकमक्क फूलेको देख्न सकिन्छ। सोही स्थानमा दुई रोपनी क्षेत्रफलमा फूलखेती गरेका ठूलोभाइ गिरी चाडपर्व चाँडो परेको कारण फूल राम्रोसँग फुलिनसकेको बताउँन्। सोही क्षेत्रमा फुल्ने फूलहरू विशेष गरेर काठमाडौँको असन, इन्द्रचोकलगायतका स्थानमा बिक्री वितरण हुँदै आएको छ।

नेपालमा तिहारको समयमा सयपत्रीको माला बढी प्रयोग हुन्छ। तिहारमा दिदीबहिनीले टीका लगाइदिँदा सप्तरंगी टीकासँगै मखमली, सयपत्री र गोदावरीको माला लगाइदिने प्रचलन रहिआएको छ। तिहारमा लक्ष्मीपूजा, कुकुर, गाई, गोरुको पूजा गर्दा पनि सयपत्री फूलको प्रयोग हुन्छ। आजभोलि तिहारको समयमा घर कार्यालय सजाउनका लागि सयपत्रीको फूलको माला प्रयोग गरिन्छ। *रासस*

## धरानमा भित्रियो २ लाख माला

**धरान (प्रस)–** धरान आसपासमा यसपटक सयपत्री फूल नफुलेपछि व्यवसायीले सयपत्रीका तयारी माला भारतबाट भित्रिएको छ। कोलकाताबाट लाखौंको तयारी माला तिहारअगावै ल्याइएको कृषि बजारका व्यवस्थापक लक्ष्मण भट्टराईले जानकारी दिए। ल्याइएका माला व्यावसायीहरूले धरान-१३ स्थित कृषि बजारमा रहेको कोल्डस्टोर (शीतघर) मा भण्डारण गरेका छन्।

हाल एक लाख ५० हजार माला भण्डार गरिएको र थप ५० हजार माला भारतबाट आउँदै गरेको व्यवसायीले कृषि उपजबजारलाई जानकारी गराएको उल्लेख गर्दै उनले नेपाली बजारको फूलबाट एक लाख ५० हजारको माला आउन सक्ने बताए।

यो वर्ष नेपालमा फूल फुल्ने समयभन्दा अघि नै तिहार आएकाले स्थानीय उत्पादनको फूल बजारमा कम आउने भएपछि व्यवसायीले तिहार अगाडि नै फूलको माला व्यवस्थापन गरेका हुन्। विगत वर्ष २५ प्रतिशत धरानमा भारतबाट फूलका माला आयात गरिँदै आएको थियो तर यस वर्ष भने ७५ प्रतिशत नै तयारी माला भारतबाट आउने सम्भावना रहेको व्यवस्थापक भट्टराईको भनाइ थियो।

उनका अनुसार गत वर्ष रु एक करोड ६२ लाख फूलको व्यापार भएको थियो तर यस वर्ष रु दुई करोडभन्दा बढीको कारोबार हुने अनुमान गरिएको छ। 'ती फूलका माला प्रतिगोटा रु ४०-५० पर्न सक्छ। नेपाल यस क्षेत्रमा समयमै फूल नफुलेकाले ती माला प्रतिगोटा रु एक सयसम्म पर्न सक्छ', भट्टराईले भने। बढी फूल उत्पादन हुने क्षेत्र धनकुटा, तेह्रथुम, सुनसरीको पानवारी, ठिंगाबारी, मोरङको केराबारीलगायत क्षेत्रमा सयपत्रीफूलका कोपिला मात्र बसेको छ। तिहार यही कात्तिक ५ गतेदेखि सुरु हुँदैछ। यो वर्षको तिहारलाई स्थानीयवासीले रोपेको फूलले काम नदिएको व्यवसायी विमल थापाले बताए।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ